सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
सम्पर्क:९८५७८२४२५३
Email:sanibherimun@gmail.com

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना!

(प्रथम पटक प्रकाशित मितिः २०७८।०२।१९)

प्रस्तुत विषयमा यस कार्यालय द्वारा 06/WORKS/NCB/SRM/077/078, Construction of 15 Bed Primary Hospital Building at Sanibheri Rural Municipality Simli Rukum (West) को लागि मिति २०७७/११/०२ गते आईतबार, प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक कार्यालयको (e-GP System) मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७८।०२।१९

भूपाल सिं बिष्ट
(प्रमुख प्रशासकीय अधिकृत)

तपशिल

| सि. नं. | ठेक्का नम्बर र नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT सहित) |
|---|---|---|---|
| 1 | 06/WORKS/NCB/SRM/077/078, Construction of 15 Bed Primary Hospital Building at Sanibheri Rural Municipality Simli Rukum (West) | Shiva Shakti/Thodung/Buddha Himali JV Kathmandu | NRS. 16,79,02,110.10 |

का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १०७
❒ १९ जेठ २०७८, बुधबार
❒ 2 Jun 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## कोभिड-१९ अपडेट

| पछिल्लो २४ घण्टामा | | | जम्मा तथ्यांक | | | | |
|---|---|---|---|---|---|---|---|
| नयाँ संक्रमित | संक्रमणमुक्त | मृत्यु | जम्मा संक्रमित | जम्मा संक्रमणमुक्त | जम्मा मृत्यु | सक्रिय संक्रमित | जम्मा परीक्षण |
| ५२८५ | ६८९८ | ६८ | ५६६५८७ | ४५४३४४ | ७४५४ | १०४७८९ | ३०७४५७१ |

## कोभिड-१९ संक्षेप

- काठमाडौं आइपुग्यो चीनले दिएको नौ लाख डोज खोप
- दहचोकको मनमोहन मेडिकल कलेजको भवन सरकारले उपयोग गर्ने
- सिरहाको लहानको उत्तरी क्षेत्र परीक्षण नगराउँदा जोखिम बढ्दै
- लमजुङका संक्रमितलाई जिल्लामै उत्पादित अक्सिजन दिइँदै
- दमौलीमा सुरक्षा मापदण्ड अपनाउँदै विकास योजना सञ्चालनमा
- बनेपाको शिल हटाइयो : जिल्लामा कोरोना संक्रमित घट्दै
- हुम्ला जिल्ला अस्पतालमा संक्रमितको उपचारमा औषधि अभाव
- बाँके जिल्लामा मंगलबार थप सात जना कोरोना संक्रमितको मृत्यु
- डोटीमा कोरोना संक्रमणसँगै फाइरल ज्वरोको जोखिम
- लमजुङमा निषेधाज्ञाका बीच सुरक्षित प्रसूति सेवा दिइँदै
- कर्णाली प्रदेशमा ९५ प्रतिशत संक्रमितले जिते कोरोना
- कांग्रेसको अन्तर्राष्ट्रिय शाखाबाट कोरोना पीडितलाई २१ लाख सहयोग



*चीन सरकारको सहयोगमा आएको कोरोना रोकथाम विरुद्ध प्रयोग हुने स्वास्थ्य सामग्री रसुवागढी नाकामा ।*

-तस्बिर: ज्ञानेन्द्र न्यौपाने/रासस

## सच्चियो सर्वोच्चको निर्णय

> स्वार्थ बाँझिने भन्दै बरिष्ठ अधिबक्ताहरुले न्यायाधीशहरु तेजबहादुर केसी र बमकुमार श्रेष्ठ संवैधानिक इजलामा रहन नहुने माग राखेपछि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले बरिष्ठतम् न्यायाधीशहरु रहनेगरी संवैधानिक इजलास गठन गर्ने निर्णय सुनाएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

प्रतिनिधिसभा विघटन विरुद्ध परेको रिट माथि सुनुवाइ गर्न अर्को संवैधानिक इजलास गठन हुने भएको छ । बिहीबार प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा सहित वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई, तेजबहादुर केसी र बमकुमार श्रेष्ठ रहेको संवैधानिक इजलास गएको बिहीबार गठन भएको थियो ।

तर केसी र श्रेष्ठलाई यो संवैधानिक इजलासमा राखिन नहुने माग बरिष्ठ अधिवक्ताहरुले उठाएका थिए । केसीले प्रतिनिधिसभा विघटन विरुद्ध यसअघि बहस गरिसकेका थिए । ५ पुसमा प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् भंग गरेपछि केसी संवैधानिक इजलासमा थिए । न्यायाधीश केसीले त्यसैले राय दिइसकेकाले फेरि रहन नहुने बरिष्ठ अधिवक्ताहरुको माग थियो । न्यायाधीश श्रेष्ठ भने २३ फागुनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्ने इजलासमा संलग्न थिए ।

नेकपा विघटन गर्ने निर्णयकै उपक्रम ७ जेठको संसद् विघटन भएकाले न्यायाधीश श्रेष्ठलाई यो इजलासमा नराख्न माग गरिएको थियो । तर, न्यायाधीशहरु केसी र श्रेष्ठ भने इजलासबाट हट्न मानेका थिएनन् । सोमबार इजलासबाट हट्न नचाहेपछि मंगबार राय मागिएको थियो । रायमा पनि नहट्ने जिकिर गरेका थिए । मंगलबार पनि बाँकी पृष्ठ २ मा

## अडिए ओली

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

नेकपा (एमाले) को आन्तरिक कलह चर्किएर गएपछि अध्यक्ष केपी शर्मा ओलीले बरिष्ठ नेता माधवकुमार नेपाल सहित एघार जनालाई साधरण सदस्य नरहनेगरी निस्कासन गरेका छन् । थप १२ जनालाई स्पष्टिकरण सोधिएको छ । तर उक्त स्पष्टिकरणबारे कुनै निर्णय लिइएको छैन । नेता नेपाल सहित २३ जनाले प्रतिनिधिसभा पुनर्स्थापनाको माग सहित सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरेका छन् ।

ओलीले इतर समूहका नेताहरुमाथि कारबाहीको कारण भने विपक्ष दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीका निम्ति हस्ताक्षर गर्नुलाई मानेका छन् । नेपाल समूहका २६ जनाले देउवालाई प्रधानमन्त्री प्रस्ताव गर्दै हस्ताक्षर गरेका थिए । तर अदालतमा जानेहरुलाई मात्रै कारबाही अगाडि बढाए । त्यो पनि एघार जनालाई मात्रै पहिलो चरणमा कारबाही गरिएको छ ।

थप १२ जनालाई कुनै कारबाही नगरिएकोमा मंगलबार भने ओलीले उल्टै एकताका निम्ति पहल गर्ने निर्णय लिएका छन् । जबकी एक दिन अगाडि मात्रै लुम्बिनी प्रदेशमा आफ्नो उम्मेद्वार चन्द्रबहादुर खड्का पराजित भएका थिए । एमालेकै सबै मत खड्काले नपाइरहेका बेला एमालेले स्थायी कमिटी बैठक राखेर यस्तो निर्णय लिएका हुन् ।



> विपक्षी दलका नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरेका २६ सांसदलाई कारबाही प्रक्रिया अगाडि बढेका एमालेका अध्यक्ष केपी शर्मा ओली मंगलबार भने सकेसम्म पार्टी एकता जोगाउने निर्णयमै अडिएका छन् ।

बैठकले पार्टी एकताका जोगाउन अन्तिम समयसम्म जारी राख्ने निष्कर्ष निकालेको छ । एकता सकेसम्म जोगाउन सकियोस् भनेर छलफल गरिरहेको बताउँदै धेरैभन्दा धेरै साथी पार्टीमा रहनुहोस् भन्ने प्रयास जारी नै रहेको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बताए । उनका अनुसार यसअघि पार्टीले स्पष्टीकरण सोधेका १२ जनाका बारेमा केही निर्णय भएको छैन । "धेरैभन्दा धेरै साथीहरु पार्टीको मूल नेतृत्वमा अडियून् भन्ने हाम्रो प्रयास जारी छ" उनले भने, "आफ्नो पार्टीका नेतालाई हटाएर कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने कुरामा केही साथीहरु लागिरहनुभएको छ तर ती साथीहरु पार्टीमा फर्कनुभयो भने राम्रै हुन्छ ।"

पार्टी विवाद समाधान गर्नका लागि गठित कार्यदल अहिले अस्तित्वमा बाँकी पृष्ठ २ मा

## फर्किन नपाएको भन्दै विदेशमा रहेका कामदार आक्रोशित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ

समस्यामा पर्दासमेत स्वदेश फर्किने उडान नपाएको भन्दै वैदेशिक रोजगारमा गएका नेपालीहरु आक्रोशित हुन थालेका छन् । नेपाल एयरलाइन्ससहित चार वायुसेवा कम्पनीले तीन अन्तर्राष्ट्रिय गन्तव्यमा उडानको अनुमति पाएका भएपनि ठूलो संख्यामा नेपाली कामदार रहेका खाडी तथा मलेसियाबाट हुने उडानले अनुमति नपाएपछि कामदारहरु आक्रोशित भएका हुन् ।

सरकारले कोरोना भाइरसको संक्रमण बढेपछि अन्तर्राष्ट्रिय उडान एक महिनायता रोकेको छ । वैदेशिक रोजगारीमा जाने तथा फर्किने कामदारका लागि नियमित उडान शुरु गर्नुपर्ने कामदार, वैदेशिक रोजगार व्यवसायी, निजी क्षेत्रका पर्यटन व्यवसायी, नेपाली राजदूत लगायतको चर्को माग भएपनि सरकारले कामदार कम रहेका या कामदारले खासै प्रयोग नगर्ने भारतमा दुई र अन्य तीन मुलुकमा दश वटा नियमित उडान भर्न पाउने अनुमति दिएको छ ।

अन्तर्राष्ट्रिय उडान रोकिँदा करार अवधि सकिएका, कैद भुक्तान गरेका, आममाफी पाएका, गर्भवती र सुत्केरी अवस्थामा रहेका कामदारहरु स्वदेश फर्किने बाध्यतामा रहेका र घरेलु श्रमिक, गर्भवती, रोजगारी र आम्दानी गुमाएका, सूचनामा पहुँच नभएका श्रमिकहरू थप जोखिममा रहेका भएपनि सरकारले त्यसतर्फ ध्यान नदिएको कामदार र नेपाली नियोगहरुको गुनासो बढेको छ ।

सरकारको अनुमतिपछि नेपाल वायुसेवा निगम, टर्किस एयरलाइन्स, कतार एयरवेज र एयर इण्डियाले सीमित संख्यामा नियमित उडान भर्ने छन् । एयर इण्डिया शुक्रबार दिल्लीबाट काठमाडौं आउने छ । टर्कीस एयरले इस्तानबुलबाट बिहीबार एक उडान भर्ने छ । नेपाल एयरलाइन्सले कतारको राजधानी दोहा र भारतको नयाँ दिल्ली उडान भर्ने छ। नेपाल एयरलाइन्स र कतार एयर हरेक सोमबार कतारको दोहा उड्न पाउने छन् । जहाज भाडा महँगो हुने यी उडानमा न्यून आय भएका कामदारहरुले टिकट नपाउने गुनासो बढेको छ ।

यसैबीच मलेसियामा सोमबारबाट दोश्रो चरणको लकडाउन शुरु भएको छ । एक महिनाअघि नै स्वदेश फर्किने तयारीमा टिकट लिएर बसेका करार अवधि सकिएका कामदारको समस्या बढेको छ ।

क्वालालम्पुरस्थित नेपाली दूतावास मलेसियाका द्वितीय सचिव प्रतिक बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## राजदूत डा. सिंहद्वारा सहयोगको अपिल

**काठमाडौं/मस–** साउदी अरबका लागि नेपाली राजदूत डा. महेन्द्र प्रसाद सिंह राजपुतले नेपालमा फैलिएको कोरोना भाइरस संक्रमणबाट भइरहेको मानवीय क्षति कम गर्न सहयोगको अपिल गरेका छन् ।



साउदी अरबको शाही अदालतका सल्लाहकार तथा राजा सलमान मानवीय सहायता तथा राहत केन्द्रका महानिरीक्षक डा. अब्दुल्लाह बिन अब्दुलाजीज अल-रबिहसँग भेट गरी उनले सहयोग मागेका हुन् । सोमबार भएको भेटवार्तामा राजदूत डा. सिंहले नेपाल र साउदीबीचको द्विपक्षीय सम्बन्ध सुमधुर रहेको स्मरण गराउँदै विपतको बेला मानवीय कार्यमा साउदीले सक्रियता देखाएको बताए । बाँकी पृष्ठ २ मा

## कुवेतमा मदिरा बेच्ने तीन नेपाली पक्राउ

**काठमाडौं/मस–** कुवेतमा गैरकानुनीरुपमा मदिरा व्यापार गरेको आरोपमा तीन नेपाली कामदारहरु पक्राउ परेका छन् । कुवेतको साल्मी बन्दरगाह नजिकै एउटा अपार्टमेन्टमा अवैधरुपमा गोप्य तरिकाले घरेलु मदिरा उत्पादन गरिरहेको अवस्थामा कुवेत प्रहरीले नियन्त्रणका लिएको थियो। ठूलो परिमाणमा मदिरा बरामद भएको प्रहरीले बताएको छ । पक्राउ पर्नेमा दुई पुरुष र एक महिला रहेको कुवेती पत्रिका अल-अनबाले उल्लेख गरेको छ ।

पक्राउ परेका तीन जना नेपालीलाई नेपाल डिपोर्ट गर्ने तयारी गरिएको छ । कुवेतमा अवैध मदिरा उत्पादन तथा विक्रीका कारण नेपाली समुदाय बद्नाम हुँदै गएको बताइएको छ । यसै वर्षको शुरुमा अवैध घरेलु मदिरा बनाएर बिक्री गर्ने नेपाली गिरोह नै पक्राउ परेको थियो । बाँकी पृष्ठ २ मा

## थापाको निधन



**काठमाडौं/मस-** विवेकशील साझा पार्टीले संस्थापक संयोजक तथा तत्कालीन विवेकशील नेपाली दलका संस्थापक अध्यक्ष उज्ज्वल थापाको निधन भएको छ । कोरोना संक्रमणबाट थापाको निधन भएको हो । निधनप्रति पार्टीले स्तब्ध भएको जनाएको छ । पार्टी केन्द्रीय समितिको आकस्मिक बैठकले पूर्वसंयोजक थापाका निधनमा दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

बैठकले थापाका स्मृति तथा सम्मानका लागि १३ औं दिनको पुण्यतिथिमा प्रत्येक सदस्य र शुभचिन्तकलाई कम्तीमा एउटा वृक्षरोपण गर्न पार्टीका सम्पूर्ण नेतृत्व पंक्ति र सदस्यलाई आह्वान गरेको पार्टी अध्यक्ष रवीन्द्र मिश्र र संयोजक मिलन पाण्डेद्वारा जारी बाँकी पृष्ठ २ मा

## थरुहट र सरकारबीच सहमति

**काठमाडौं/मस–** सरकार र थारु कल्याणकारिणी सभाबीच छ बुँदे सहमति भएको छ । कानून, न्याय तथा संसदीय मामिलमन्त्री लीलानाथ श्रेष्ठ र सभाको थरुहट/थारुवान सयुक्त संघर्ष समितिका वार्ता टोली प्रमुख रुक्मिणी चौधरीले सिंहदरबारमा आयोजित कार्यक्रममा सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । सहमति पत्रमा सरकारले टीकापुर घटनामा दोषी निवर्तमान सांसद रेशमलाल चौधरीलगायतकाको मुद्दा फिर्ता र रिहाइका लागि संविधान र कानूनसम्मत पहल गर्ने उल्लेख छ ।

थरुहट/थारुवान आन्दोलनका क्रममा टीकापुरमा भएको दुःखद् घटनामा आरोपित चौधरीसहित धनीराम र लक्ष्मण चौधरीमाथि लगाइएका सम्पूर्ण मुद्दा फिर्ता र रिहाइका लागि पहल गर्ने सहमति भएको छ । यसैगरी थरुहट/थारुवान आन्दोलनका क्रममा शहीद भई राहत प्राप्त गर्न छुटेका परिवारलाई राहत उपलब्ध गराउने, शहीद परिवारको उचित व्यवस्थापन गर्ने, घाइतेको उपचार गर्ने र आन्दोलनका क्रममा विभिन्न स्थानमा भएको धनजनको क्षतिको छानबिन र मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउने प्रक्रिया अघि बढाउने, महिला र असहायमाथि दुर्व्यवहार गर्नेलाई छानबिन गरी कानूनी दायरमा ल्याउने विषयमाम पनि सहमति भएको छ ।

यस्तै संविधानमा उल्लेखित यवस्था र सर्वोच्च अदालतको फैसला अनुसार राज्यका हरेक तह र तप्कामा थारुको आरक्षणको व्यवस्था तथा सबैखाले थारु समुदायको बारेमा संविधान अनुरुपको व्याख्या र व्यवस्था कायम गर्ने, संविधानबमोजिम थारुभाषी बाहुल्य क्षेत्रमा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने, कमैया, कमलरी संघर्ष समितिसँग विगतमा सहमति कार्यन्वयन गर्ने सहमति भएको छ ।

सहमतिपत्रमा संविधान गतिशिल दस्तावेज भएकाले यसको संशोधन आवश्यकता र औचित्यताका आधारमा राजीतिक दलहरुबीच सहमति कायम गरी विभिन्न समयमा बाँकी पृष्ठ २ मा

# इटहरीमा कोरोना संक्रमितको शव जलाउन नदिएपछि विवाद

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १८ जेठ

इटहरीस्थित बुढि गंगा मुक्तिघाटमा स्थानीयले कोरोना संक्रमणका कारण मृत्यु भएका व्यक्तिको शव जलाउन नदिएपछि विवाद चर्किएको छ ।

मुक्तिघाट संरक्षण समितिको आदेश भन्दै स्थानीयहरूले विगत एक साता देखि कोरोना संक्रमणबाट मृत्यु भएकाहरूको शव जलाउन दिइएका छैनन् । शव व्यवस्थापनकै लागि निर्माण गरिएको घाटमा अन्तिम संस्कार गर्न नदिएपछि मृतकका आफन्तहरूले प्रहरी गुहार्नु परेको छ ।

केहि दिन अघि सप्तकोशी एफएमका स्टेसन म्यानेजर तथा स्वतन्त्र रेडियोको छाता संगठन ब्रोडकास्टिङ एसोसिएसन (बान)का अध्यक्ष चन्द्र न्यौपानेको संक्रमणकै कारण ज्यान गएको थियो । उनको शवलाई पनि घाटका संरक्षण समितिको आदेश भन्दै जलाउन दिइएको थिएन । केहि समयको चर्काचर्की र विवादपछि प्रहरीको



उपस्थितिमा शव जलाइएको थियो ।

कोरोनाको कारण मृत्यु भएकाहरूलाई घाटमा ल्याउन नदिन समितिले उर्दि नै जारी गर्दै रेखदेखका लागि मान्छे नै खटाएको छ । हावाको माध्यमबाट संक्रमण छिटो फैलन सक्ने भन्दै थप जोखिम हुने डरले कोरोना संक्रमितको शव जलाउन नदिएको घाटमा खटिएका स्थानीयहरू बताउँछन् ।

एक साता यता घाटमा कोरोना संक्रमितको शव व्यवस्थापन गर्न दिइएको छैन । संरक्षण समितिले नै नदिएपछि अहिले बुढि घाटकै २५ मिटर पर खोला किनारमा शव व्यवस्थापन गरिँदै आएको छ । एक साता यता इटहरीमा नयाँ भेरियन्टसहितको कोरोना संक्रमणबाट न्यौपानेसहित ३ जनाले ज्यान गुमाएका छन् । जसमा न्यौपानेको मात्र घाटमा शव व्यवस्थापन भएको थियो बाँकी २ जनाको घाट देखि २५ मिटर पर खोला किनारमा व्यवस्थापन गरिएको छ ।

संक्रमणका कारण ज्यान गएकाहरूलाई घाटमा शव जलाउन नदिनु मानवता हराएको भन्दै उपमहानगरपालिकाले भत्सर्ना गरेको छ । घाट संरक्षण समितिका अध्यक्ष हेम घिमिरेसँग छलफल गरी समस्या समाधान निकालिने इटहरीकी उपमेयर लक्ष्मी गौतमले मध्यान्हलाई बताइन् ।

# हल्दिवारी प्रवासी समाजको सहयोग

**विष्णुकुमारी घिमिरे/मध्यान्ह**
झापा, १८ जेठ

हल्दिवारी नेपाली प्रवासी समाज दुवा कतारले मिर्गौला रोगका कारण मृत्यु भएका सोम लाल राजवन्सीको परिवारलाई ३१ हजार ३५ रुपैयाँ सहयोग उपलब्ध गराएको छ ।



मंगलबार उक्त सहयोग रकम हल्दिवारी ४ का वडा सदस्य तथा नेकपा एमाले हल्दिवारी गाउँ कमिटी सचिव महेसलाल मेचेले मृतक सोमलालकी श्रीमती ओम कुमारी राजवन्सीलाई हस्तान्तरण गरेका हुन् ।

मिर्गौला रोगका कारण उपचारका लागि वडा सदस्य मेचेको समन्वयमा दुवा कतारमा रहेका हल्दिवारीका युवाहरूले उक्त रकम संकलन गरि महेसलाल मेचेको नाममा पठाएका थिए । उक्त रकम संकलन गर्न दुवा कतारमा रहेका पूर्व युवा संघ नेपाल क्षेत्र नम्बर ३ का उपाध्यक्ष समेत रहेका बासु बनले गरेको वडा सदस्य मेचेले बताए ।

वैदेशिक रोजगारीका लागि दुवा करार पुगेका हल्दिवारीका युवाहरूले आर्थिक समस्याका कारण उपचार गराउन नसक्ने परिवारलाई सहयोग पुऱ्याउँदै आएका छन् । मृतक राजवन्सीको उपचारकै क्रममा यहि वैशाख २३ गते मृत्यु भएको थियो । हल्दिवारी -४ वडावारीमा बसोबास गर्ने निम्न अवस्थाका राजवन्सीका श्रीमती र एक छोरा रहेका छ्न ।

# कोभिडबाट मृतक पत्रकारका परिवारलाई काउन्सिलको सहयोग

**काठमाडौं/मस**–प्रेस काउन्सिल नेपालले कोभिड-१९ को दोस्रो लहरको संक्रमणबाट अति प्रभावित नौ पत्रकार र परिवारलाई सहयोग उपलब्ध गराएको छ । काउन्सिलको मिडिया विकास कोष उपसमितिको यही जेठ १४ गतेको बैठकले कोरोना संक्रमण भई भेन्टिलेटर/आइसियुमा उपचाररत छ पत्रकार र कोरोना संक्रमणबाट ज्यान गुमाएका तीन पत्रकारका परिवारलाई सहयोग उपलब्ध गराउने निर्णय गरेको थियो । काउन्सिलले तत्कालका लागि जनही रु. २५ हजारका दरले सहयोग उपलब्ध गराएको हो ।

भेन्टिलेटरमा उपचाररत धादिङका पत्रकार सुमन अधिकारी, दोलखाका रविन्द्र गौतम (जेठ १६ गते निधन भएको) र रोल्पाका मौसम रोका मगरलाई यस्तै आइसीयुमा उपचाररत मुस्ताङका पत्रकार चन्द्रेश्वर बस्ताकोटी, भोजपुरका सन्देश राई र काठमाडौंका हस्त गुरुङलाई सहयोग प्रदान गरिएको काउन्सिलका प्रमुख प्रशासकीय अधिकृत भर्विन्द्र भुसालले जानकारी दिए ।

भुसालका अनुसार मृतक पत्रकार मुगुका सुमन मल्ल, पाँचथरका एकराज भण्डारी र कास्कीका गणेश पौडेलका परिवारलाई सहयोग उपलब्ध गराइएको छ ।

# अक्सिजन प्लान्ट अभियानका लागि राइनास नगरपालिकाले ५० लाख सहयोग गर्ने

**वीरेन्द्र पाण्डे (नबिर्स)/मध्यान्ह**
लमजुङ, १८ जेठ

राइनास नगरपालिकाभित्र संक्रमितको उपचारमा सहज बनाउने उद्देश्यले राइनास नगरपालिकाले अक्सिजन प्लान्टका लागि पचास लाख आर्थिक सहयोग गर्ने निणय गरेको छ । वडा नं ७ मा रहेको सहोदर सामुदायिक अस्पतालमा अक्सिजन प्लान्ट राख्ने अभियान शुरु भएपछि पालिकाले करिब पचास प्रतिशत रकम सहयोग गर्ने निणय गरेको हो ।

नगरकार्यपालिकाको बैठकबाट उक्त निणय भएको पालिकाका प्रमुख प्रसासकिय अधिकृत रामचन्द्र अधिकारीले जानकारी दिए । पालिकाका संक्रमितहरुलाई उपचारमा सहज बनाउनको लागि पालिकाले उक्त अस्पताललाई यसअघि पनि दश लाख आर्थिक सहयोग गरेको थियो ।

पालिकाले कोरोना नियन्त्रणका लागि खटिएका कर्मचारी, स्वास्थ्यकर्मी तथा सहयोगीहरुलाई प्रोत्साहन भत्ता दिने पनि निर्णय गरको छ । नजिकिँदै गरेको नगरसभालाई पनि व्यवस्थित बनाउने र वर्तमान अवस्थालाई मध्यनजर गरी सतर्कता अपनाएर सम्पन्न गर्ने विषयमा एकमत भएको बताइएको छ ।

गरमबेशी प्रवासी युवा समूहको सक्रियतामा सुचारु गरिएको अक्सिजन प्लानट निर्माण अभियानमा राइनास नगरपालिकाले प्रवासीहरुको प्रयासमा ६० प्रतिशत रकम भनिएकोमा ५० प्रतिशत रकम विनियोजन गरिएको हो । अक्सिजन प्लानट निर्माणका लागि अनुमानित रकम एक करोड लाग्ने सम्बन्धित निकायले बताएपछि राइनास नगरपालिकालाई प्रवासी युवा समूहले आह्वान गरेका थिए । अब ५० प्रतिशत रकम जुटाउन प्रवासी समुहलाई चुनौतीको विषय बनेको छ ।

आर्थिकको जतिसुकै समस्या भए पनि सबै प्रवासी र सहयोगी मनहरुलाई अनुरोध गर्दै यस अभियान सफल बनाएरै छाड्ने अभियानकर्ताले बताएका छन् ।अभियानका प्रमुख पुर्णबहादुर पोखरियाका साथै सक्रिय अभियनकर्ता दिनेश चिलुवाल, महेन्द्र चौलागाई, तुलसि श्रेष्ठ, देव भुजेल, बिरेन्द्र पाण्डे लगायतले प्रवासमै रहेर पनि सामाजिक संजालमार्फत यस अभियानलाई बृहत रुपमा अगाडि बढाइ सफल बानउने प्रण गरेका छन् ।

अक्सिजन निर्माण अभियान ठुलो योजना भएपनि छिट्टै नै यस अभियानको कार्ययोजना अगाडि बढ्ने अभियान्ताका संस्थाकापक निर्देशक एवं अक्सिजन प्लान्ट अभियानका संयोजक पोखरियाले बताए । उनले स्वदेश तथा प्रवासमा रहने सम्पूर्णसँग सहयोगको अपिल पनि गरेका छन् ।

यस्तै अस्पतालका सञ्चालक डा.शिव श्रीमलले राइनासवासी र प्रवासीहरूको सोचलाई धन्यवाद दिँदै सबै पक्ष एक भएर अघि बढेको खण्डमा यो कार्य असम्भव नरहेको बताए ।

उनले खुसी ब्यक्त गर्दै अक्सिजन प्लान्ट तयार गर्न सकेको खण्डमा कोभिड- १९ मात्र नभई अन्य दीर्घ रोगीहरूका साथसाथै अपवाद बाहेकका हर्टअट्याकका विरामीका लागि पनि ठूलो सहयोग पुग्ने बताए ।

राइनास प्रवासीका निर्देशक एवं अक्सिजन प्लान्ट निर्माण अभियानका सल्लाहकार दिनेश चिलुवालले कोभिड- १९ को महामारीबाट जोगिन सबै पक्षसँग हतोमेलो गरेर अघि बढ्न प्रवासी संस्था तयार रहेको बताए । साथै उनले नगरपालिकाले छुट्याएको बजेटमा खुसी व्यक्त गर्दै यस सहोदर हस्पिटल प्राइभेट नभइ सामुदायिक हस्पिटल रहेकाले निःस्वार्थ भावानाले आफुहरु लागेको बताए । उनले सबै सहयोगी मनहरुलाई अभियानमा जोडिन अनुरोध गरे ।

यसै अभियानलाई पारदर्शी र व्यवस्थित बनाउनका निमित्त सामाजिक संजाल मार्फत नै निरन्तर बुद्धिजिवी, सामाजिक अभियान्ता तथा सहयोगीहरुसँग छलफल भैरहेको अभियानले जानकारी दिएको छ ।

यसै स्वरुप राइनास प्रवासी विकास संस्थाका निर्देशक एवं अभियानका संयोजक पोखरियाको अध्यक्षतामा भएको भर्चुअल अन्तरक्रिया र छलफलबाट अक्सिजन प्लान्ट निर्माणका लागि ५ सदस्यीय उप-समिति गठन गरिएको छ । सो समितिमा स्वदेशमै कार्यरत स्थानियवासी गणेश चिलुवाल, मधाव पराजुली, डा. शिव श्रीमल, गोपिराज चौलगाई र स्वस्तिका पन्थी रहेका छन् ।

यस अभियान सफल भएसँगै राइनास नगरपालिकासँगै गोरखा, तनहुँ, लमजुङलगायतका जिल्लाबाट बिरामिहरुले स्वास्थ्य लाभ लिन पाउनेछन् । अक्सिजन प्लान्ट जडान अभियानमा परदेशमा अनेकौ दुःख सहेर परिवारको जिम्मेवारीवहन गर्दै यस सामाजिक अभियानमा सबै एकबद्धता भएर लागेको देख्दा खुसी हुँदै स्थानिय वासिन्दाहरु गरमबेशी प्रवासीले सुचारु गरेको अभियान सम्मानजक र सेवादायिक रहेको बताउँछन् । यस परोपकारी सेवामा स्वदेश तथा विदेशमा बस्ने सबैले आफुले सक्ने सहयोग गर्नुपर्ने उनीहरुको भनाइ छ ।

### फर्किन...

कार्कीले स्वदेश फर्किने अवस्थामा रहेका कामदारहरुले चाँडो फर्किने उडानको व्यवस्था गर्न दबाब दिइहरेको बताए । उनले अन्तर्राष्ट्रिय हवाइ उडान चाँडो भन्दा चाँडो खुलाउनका लागि निरन्तररुपमा परराष्ट्र मन्त्रालयमा आग्रह भइरहेको बताएका छन् ।

यता सरकारले वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका कामदार ५ दिन मात्र होटेल क्वारेन्टिनमा बसे पुग्ने नयाँ मापदण्ड बनाएको छ । नेपाल आउँदा उनीहरुले ७२ घण्टा यताको कोरोना नेगेटिभ रिपोर्ट देखाउनु पर्ने छ । होटेल क्वारेन्टिनमा बसी पीसीआर परीक्षण नेगेटिभ आएपछि उनीहरुलाई थप १० दिन होम क्वारेन्टिनमा बस्ने शर्त गराई राजधानीबाट जान दिइने छ । दीर्घरोगी, शारीरिकरुपमा अशक्त कामदार र अन्य यात्रुहरुले स्थानीय तहको सिफारिसका आधारमा १० दिन होम क्वारेन्टिनमा बस्ने गरी सोझै घर जान पाउने बताइएको छ ।

### राजदूत ...

उता यूएईले नेपाललाई भेन्टिलेटरलगायतका स्वास्थ्य उपकरण पठाउने तयारी गरेको आबुधाबीस्थित नेपाली दूतावासले बताएको छ । परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली र यूएईका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सहायता मन्त्रालयका अहमद बिन अली अल सायदबीच आइतबार भर्चुअल माध्यमबाट छलफल भएपछि यूएईले स्वास्थ्य उपकरण पठाउन थालेको हो ।

### कुवेतमा...

अवैध मदिरा उत्पादन तथा बिक्रीमा अवैधरुपमा बसेका नेपालीको संलग्नता रहेको त्यहाँको प्रहरीले बताएको छ ।

### थापाको ...

शोक वक्तव्यमा उल्लेख छ ।

दुई साताअघि कोरोना संक्रमित भएका थापाको ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचारका क्रममा मंगलबार अपराह्न ४:२५ बजे निधन भएको हो । पार्टीमा ‘उज्ज्वल थापाको जीवन र विचार’ विषयमा छलफल र बहस चलाउने निर्णय भएको पनि वक्तव्य उल्लेख छ ।

नेपालमा वैकल्पिक राजनीति स्थापित गर्न उल्लेख्य भूमिका खलेको थापाको निधनले राष्ट्रिय राजनीतिमा अपूरणीय क्षति पुगेको उल्लेख गरिएको छ । वक्तव्यमा भनिएको छ, ‘खासगरी शान्तिपूर्ण र रचनात्मक प्रदर्शनका माध्यमबाट राजनीतिक, सामाजिक, आर्थिक, जनस्वास्थ्य सरोकारलगायत मुद्दामा दलले नागरिकको समर्थन हासिल गर्ने र सुधारात्मक कदमका लागि राज्यलाई दवाव दिने विधि स्थापित गर्न उहाँको अहम् भूमिका छ ।’

संस्थापक थापाले अँगालेको सुसंस्कार, अहिंसा र निष्ठाको मार्गलाई पार्टीले अविचलित र प्रतिबद्ध भएर अवलम्बन गर्दै अगाडि बढ्ने जनाएको छ । पार्टीले पीडाका क्षणमा परिवारजनमा समवेदना व्यक्त गर्दै उपचारका क्रममा स्वास्थ्यलाभ कामना गरी स्वदेश तथा विदेशबाट प्राप्त स्नेह, सद्भाव र सहयोगका लागि सबैमा आभार व्यक्त गरेको छ ।

### थारुहट...

विभिन्न राजनीतिक दल र समुदायका तर्फबाट उठाइएका विषयलाई सम्बोधन गरिने उल्लेख छ । यसैक्रममा थरुहट तराईंको मुलवासी आदिवासी थारु समुदायको तर्फबाट हालै प्रस्तुत गरिएका र विगतमा सरकार र थारु समुदायका बीचम भएका सहमतिका विषयमा संविधान संशोधनका क्रममा छलफल गरी सहमितका लागि उपयुक्त निर्णय गरिने सहमतिपत्रमा उल्लेख छ । सहमतिपत्रमा सरकार तर्फबाट मन्त्री श्रेष्ठ, सरकारी वार्ता टोलीका सदस्यद्वय डा. राजन भट्टराई र भगवती चौधरी तथा थरुहटका तर्फबाट वार्ता टोलीका संयोजक चौधरीसहित सदस्य प्रेमीलाल चौधरी, पद्मनारायण चौधरी, प्रभात चौधरी र चन्द्रप्रसाद चौधरीले हस्ताक्षर गरेका छन् ।

### सच्चियो...

न्यायाधीशद्वय केसी र श्रेष्ठले इजलासबाट आफूहरु बाहिरनुपर्ने कुनै सार्थक आधार र कारण नै नभएको राय प्रस्तुत गरे । न्यायाधीश केसीले अमेरिकी संविधानले अँगालेको उचित प्रक्रियाको सिद्धान्तअर्नगत दुई अवस्थामा मात्र सुनुवाइमा प्रश्न उठेमा न्यायाधीशले आफूलाई अगल गर्नुपर्ने विषयमा आफूले प्रस्तुत रायमा भनिएको छ, मुद्दामा न्यायाधीशको आर्थिक स्वार्थ जोडएको देखिएमा, सुनुवाइ भइरहेको मुद्दामा न्यायाधीश निश्पक्ष हुदैन कि ? भन्ने देखिएमा वा पक्षपातपूर्ण निर्णयले न्यायिक प्रक्रियाको अखण्डतालाई गम्भीर रुपमा क्षति पुग्ने देखिएमा न्यायाधीश अलग हुनुपर्छ ।

तर न्यायाधीश कार्की तथा भट्टराईले इजलास छोड्ने घोषणा गरेपछि प्रधानन्यायाधीश राणाले यो इजलास नै विघटन गरेका छन् । इजलासबाटै प्रधानन्यायाधीश जबराले भने, “अब वरिष्ठताका आधारमा न्यायाधीश तोकर संवैधानिक इजलास गठन गरिन्छ ।” प्रन्या राणाले २३ जेठबाट बहस शुरु हुने बताएका छन् । बहस बिहीबार बाटै शुरु भएको थियो । संसद् भंग भएपछि ३० रिट निवेदन परेका छन् । निवर्तमान प्रतिनिधिसभाका सदस्य १४६ सहितका २६ रिट निवेदक संसद् पुनःस्थापन गर्नुपर्ने पक्षमा छन् । प्रतिनिधिसभामा आफ्नो बहुमतका आधार पेश गर्नुभएका प्रधानमन्त्री ओलीलाई नै पुनः नियुक्ति गर्नुपर्ने माग गर्दै अधिवक्ता धनजीत बस्नेत, कृष्ण भण्डारी, राजाराम घिमिरेलगायतले छुटाछुटै चार रिट निवेदन दर्ता गराएका छन् ।

प्रधानमन्त्री ओलीलाई नै पुनः प्रधानमन्त्रीमा नियुक्ति र निर्धारित समयमै निर्वाचन गराउनुपर्ने माग राखी दिइएको रिट निवेदनमा नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गर्ने ठोस आधार नदेखिएकाले पुनः प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिलेन भन्ने राष्ट्रपतिको यही जेठ ७ गतेको निर्णय राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत भएको उल्लेख छ ।

रिट निवेदनमा उक्त ऐनमा भएको व्यवस्था विपरीत प्रधानमन्त्री ओलीलाई पुनः प्रधानमन्त्रीमा नियुक्त गर्न नसक्ने भनी निर्णय गर्नु संविधानको मर्म र भावना विपरीत पनि भएको उल्लेख गर्दै सो निर्णय बदर गरी नेकपा(एमाले) संसदीय दलका नेता उहाँलाई पुनः प्रधानमन्त्रीमा नियुक्त गर्न माग गरिएको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा, नेपाल (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा (एमाले)का तत्कालीन नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलसहित १४६ निवर्तमान सांसदले प्रतिनिधिसभा पुनःस्थापना गरी कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग गरेका छन् । सरकारले ७ जेठमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोकेपछि राष्ट्रपतिले प्रमाणित गरेको छ ।

नयाँ इजलास

अब सुनुवाइका लागि नयाँ संवैधानिक इजलास गठन गर्दा वरिष्ठताको आधारमा इजलास गठन गर्दा प्रधानन्यायाधीश जबराको नेतृत्वमा वरिष्ठतम् न्यायाधीश कार्की, न्यायाधीशहरु मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भर श्रेष्ठको इजलास गठन हुनेछ । न्यायाधीश कार्की यसअघि केपी शर्मा ओलीको पहिलो प्रधानमन्त्री कार्यकालमा महान्यायाधिवक्ता भएकाले निष्पक्षतामा प्रश्न उठेपछि इजलास छाडेका थिए ।

वरिष्ठताकै क्रमकै न्यायाधीश विश्वम्भर श्रेष्ठ पनि यसअघिको फैसलामा संलग्न थिए । न्यायाधीश कार्की र श्रेष्ठ मध्ये एक जना अलग हुनुपरेमा न्यायाधीश ईश्वरप्रसाद खतिवडा रहनेछन् । दुवै अलग हुनुपरेमा भट्टराई रहनेछन् ।

### अडिए...

नभएको स्पष्ट पार्दै कार्यदलमा रहेका केही साथी कारवाहीमा परेकाले आवश्यकताका आधारमा कार्यदल पुनःगठन हुन सक्ने बताए । सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई प्रभावित पार्ने खालका दवाव र गतिविधि गम्भीर छलफल भएको छ । “आफूले भनेकै न्यायधीश र आफूले भनेजस्तै फैसला चाहिन्छ भन्ने ढङ्गले दवाव दिनु स्वतन्त्र न्यायपालिकाको मर्मसँग मेल खाँदैन” ज्ञवालीले भने, “त्यस्तो कुरा गर्नुहुँदैन र हुनुहुँदैन भन्ने हाम्रो निष्कर्ष रहेको छ ।”

बैठकले यही जेठ १५ गते अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वर्ष २०७८/०७९ प्रस्तुत गरेको बजेटले अहिलेका आवश्यकता पूर्ति गर्ने जनाउँदै त्यो जनताको आवश्यकता र चाहनानुसारको भएको निष्कर्ष निकालेको प्रवक्ता ज्ञवालीले बताए । बैठकले कोभिड-१९ विरुद्ध सरकारले गरेका पछिल्ला प्रयासको परिमाण निस्कन थालेको पनि निष्कर्ष निकालेको छ ।

बैठकले लुम्बिनी प्रदेशमा सोमबार भएको राष्ट्रियसभाको उपनिर्वाचनको पनि समीक्षा गरेको छ । “सबै विपक्ष एक हुँदा एमालेको मत पुग्दैनथ्यो । जुन ढङ्गले हामीले छलफल गरेको थियौं, सोअनुसार हामी विजयको नजीक थियौं” ज्ञवालीले भने ।


सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७८।०२।१९)

प्रस्तुत विषयमा यस कार्यालय द्वारा 06/WORKS/NCB/SRM/077/078, Construction of 15 Bed Primary Hospital Building at Sanibheri Rural Municipality Simli Rukum West को लागि मिति २०७७/११/०२ गते आईतबार, प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक कार्यालयको (e–GP System) मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नम्बर र नाम | छनौट भएको बोलपत्रदाताका नाम र ठेगाना | कबोल अंक (VAT सहित) |
|---|---|---|---|
| 1 | 06/WORKS/NCB/SRM/077/078, Construction of 15 Bed Primary Hospital Building at Sanibheri Rural Municipality Simli Rukum (West) | ShivaShakti/Thodung/Buddha Himali JV Kathmandu | NRS. 16,79,02,110/10 |

प्रमुख प्रशासकीय अधिकृत

# उपत्यकामा निषेधाज्ञा पुनः थप्ने तयारी



**काठमाडौं/मस**-काठमाडौं उपत्यकामा केही खुकुलो गर्दै पुनः एक हप्ता निषेधाज्ञा थपिने भएको छ । कोभिड-१९ संक्रमण नियन्त्रणका लागि उपत्यकामा यही १४ देखि २० गते राति १२ बजेसम्का लागि थप कडाइ गर्दै निषेधको आदेश थप गरिएको थियो । उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीको मंगलबारको बैठकले १४ गते अघिको स्थितिमा कायम रहने गरी २० गतेदेखि थप एक साता निषेधाज्ञा लम्ब्याउने निष्कर्ष निकालेको हो । बुधबार बैठक बसेर उक्त निर्णय गरिने बैठकमा सहभागि भक्तपुरका प्रजिअ प्रेमप्रसाद भट्टराईले बताए ।

उनका अनुसार खाद्यान्न, किराना पसल, ग्रोसरी तथा डिपार्टमेन्टल स्टोर्सलाई बिहान नौ बजेसम्म सञ्चालन गर्न दिइने, विकास निर्माणका काम आवासीय रुपमा स्वास्थ्य मापदण्ड अपनाएर गर्न दिइने, निर्माणका सामान ढुवानीलाई निश्चित समय तोकेर सवारी साधनमा ओसारपसार गर्न दिइनेलगायतका निर्णय हुने छन् । यही १४ गते थपिएको आदेशमा भने यी सबै गतिविधिमा रोक लगाइएको थियो । खाद्यान्न पसल बन्द भएपछि प्रशासनले आवश्यक पर्नेहरुलाई स्थानीयस्तरमै खाद्यान्न उपलब्ध गराउने जनाएको थियो ।

आदेशका अन्य प्रावधान भने यथावत रहने जनाइएको छ । जसअनुसार अत्यावश्यकबाहेकका गतिविधिमा रोक लगाइएको छ । उपत्यकामा वैशाख १६ गतेदेखि लागू हुने गरी आदेश जारी गरिएको थियो । एक महिना वित्दा पनि कोरोना संक्रमण आशातित रुपमा घट्न सकेको छैन तर पछिल्ला दिनमा भने घट्दो क्रममा रहेको तथ्यांकले देखाएको छ । मुलुक भर नै संक्रमण घट्दो क्रममा रहेको छ ।

## स्वास्थ्य मापदण्ड मिच्दै डडेल्धुराका केही निर्माण व्यवसायी



**गणेश सिंह धामी/मध्यान्ह**
डडेल्धुरा, १८ जेठ

यति बेला विश्व नै कोरोना महामारीले थला परेको छ। कोरोना भाइरसले देश आक्रान्त अवस्थामा छ ।सरकारले प्रत्येक जिल्लामा निषेधाज्ञा जारी गरेको छ । केरोना नियन्त्रण र रोकथामका सयवागि सरकारी निषेधाज्ञा मात्र पर्याप्त हुँदैन, संबन्धित सबै पक्ष उत्तिकै जिम्मेवार हुनु जरुरी छ । तर डडेल्धुराका केही निर्माण ब्यबसायीहरु माहामारीको यो महाबिपत्तिमा पनि पैसा कमाउने नाममा खुलेयाम स्वास्थ्य मापदण्ड उल्लंघन गर्दै निर्माण कार्य गरिरहेका छन् ।

जिल्ला प्रशासन कार्यालय डडेल्धुराले कोरोना रोकथाम गर्नका लागि लकडाउनु अबिधि थप्दै गएको समयमा यता जिल्ला सदरमुकाम मै रहेको भिमदत्त राजमार्गमा सुरक्षा सामग्री बिना नै कामदारहरु ज्यान जोखिममा राखेर काम गरिरहेका छन् । उक्त काम शाही निर्माण सेवाले गराउँदै आएको हो ।

ठेकेदारले आफुहरुलाई सुरक्षा समग्री बिना नै काम गराइरहेका कामदारहरु बताउँछन् । 'पेट पाल्नुका लागि काम गर्नै पर्ने बाध्यता छ', एक कामदारले मध्यान्हसंग भने, ' स्वास्थ्य सुरक्षा सामग्री माग्दा ठेकेदारले दिँदैन, यहाँ रोगको भन्दा भोकको चिन्ता बढी भएकोले हामी काम गर्न बाध्य छौं ।'

सरकारको नियम अनुसार निर्माण व्यवसायीले न्यूनतम स्वास्थ्य सुरक्षाका सामग्री लगाएर काम गराउनु पर्ने हो, तर निर्माण कम्पनीहरु यसको पूर्णत बेवास्का गरी रहेका छन् ।

यस बिषयमा जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा बुझ्दा एक अधिकारील् भने, ' हामीले सुचना जारि नै गरेका छौ पहिलो जिम्मेवारी दुई पक्षकै हुन्छ, अनुगमन गर्ने जिम्मा काम गराउने कार्यालयको हो । हामी यस बिषयमा थप बुझ्ने छौं ।'

## ६ वर्षमा पनि निर्माण भएन औषधालय भवन



**सहबान अन्सारी /मध्यान्ह**
नवलपरासी, १८ जेठ

नवलपरासीमा रहेको आयुर्वेद औषधालयको आफ्नो भवन नहुँदा समस्या भएको छ । करिब ६ वर्ष अगाडी स्थापना भएको आयुर्वेद औषधालय गुठी परसौनीको आफ्नो भवन नहुँदा थप सेवा दिन कठिनाई भएको कार्यालय प्रमुख दिनबन्धु मिश्राले मध्यान्हलाई बताए ।

आयुर्वेद औषधालय हाल अस्थायीरुपमा स्थानीय नौलो बिहानी सहकारी संस्थाको भवनमा संचालनमा रहेको मिश्राले बताए । 'भवन निर्माणको लागी अहिले सम्म कुनै किसिमको बजेट बिनियोजन भएको छैन', उनले भने, 'जग्गा प्राप्त नहुँदा आफ्नो भवन निर्माण गर्न सकिएको छैन ।'

प्रतापपुर गाउँपालिक्लाई जग्गाका लागि अनुरोध गरिएको भए पनि हालसम्म पनि उपलब्ध हुन सकेको छैन । दिनहुँ बिरामीहरुको चाप बढदै गएको छ । उक्त औषधालयलाई कम्तीमा पनि १० कोठाको भवन आवश्यक पर्ने भए पनि हाल अस्थाई रुपमा संचालित औषधालय ४ कोठामा सेवा दिन बाध्य भएको छ ।

अव्यवस्थित आयुर्वेद शाखाको स्थायीरुपमा आफ्नै भवन नहुँदा दिईने सेवा बिस्तारमा समस्या भएको छ भने शिरोधारा, पंचकर्मजस्ता बिशेष सेवाका अतिरिक्त नियमित योग, योग हल, प्राकृतिक औषधिको उत्पादन र बितरण गर्न समस्या भएको छ । वि.सं. २०७२ सालमा स्थापना भएको औषधालयबाट वर्षेनी करिब १३ हजार मानिसहरु लाभान्वित हुदै आएको औषधालयले जनाएको छ ।

## छाया नेपालद्वारा स्वास्थ्य सामग्री वितरण

**राजेश साह/मध्यान्ह**
रौतहट, १८ जेठ

छाया नेपाल नामक संस्थाले रौतहटका विभिन्न कोभिड अस्पतालहरूको लागि स्वास्थ्य सामग्री बितरण गरेको छ । जिल्लामा बढ्दो क्रममा रहेको कोरोना महामारी न्यूनीकरणका लागि प्रयोग हुने विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छाया नेपालका राजेश साहले मध्यान्हलाई जानकारी दिए ।

सो संस्थाद्वारा गौर अस्पतालले संचालन गरेको कोभिड १९ को वार्ड अस्पतालको लागि १० थान बेड सेट, २५ थान पिपिइ सेट, सर्जिकल मास्क २५ थान, डिजिटल थर्मामिटर ४ थान र अक्सोमिटर ३ थान हस्तान्तरण गरिएको साहले जानकारी दिए । ती स्वास्थ्य सामग्रीहरु जिल्ला अस्पताल रौतहटका प्रमुख मेडिकल सुपरीटेण्ड डा. कृष्ण साह र ना. सु. रामअश्रे मुखियालाई हस्तान्तरण गरिएको थियो ।

सो अवसरमा बोल्दै अस्पताल प्रमुख साहले कोरोना एक महामारी भएकाले यसलाई परास्त गर्न सरकार र जनस्तरबाट उत्तिकै पहल हुनुपर्नेमा जोड दिँदै संकटको बेला सबै मिलेर हातेमालो गर्दै अगाडी बढेमा मात्र सफलता पाइने बताए ।

त्यसैगरी सो संस्थाले रौतहट, बारा, दाङ, बा'केलगायतका जिल्लामा पनि स्वास्थ्य सामग्री उपलब्ध गराएको छाया नेपालका कार्यकारी निर्देशक कमल थापाले जानकारी दिए ।

## गण्डकी डायरी
नारायण पंगेनी/मध्यान्ह

# कोरोना संक्रमणले एक महिनादेखि चिकित्सालय बन्द

नवलपरासीपूर्व देवचुली नगरपालिका १६ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालय एक महिनादेखि बन्द रहेको छ । कोभिड संक्रमणको दोस्रो लहर फैलिएपछि वैशाख दोस्रो साताबाटै चिकित्सालय बन्द गरिएको हो । कोरोना संक्रमण तीब्र रुपमा फैलिँदै गएपछि संक्रमित बिरामी राख्नुपर्ने भन्दै जिल्लास्तरीय कोभिड व्यवस्थापन समिति (डीसीसीएमसी) ले नै खाली गर्न निर्देशन दिएपछि बन्द गरिएको चिकित्सालय व्यवस्थापन समिति अध्यक्ष सन्तबहादुर क्षेत्रीले बताए ।



संक्रमणको जोखिम बढेपछि प्राकृतिक उपचार गराइरहेका डेढ सय भन्दा बढी बिरामीहरुलाई हटाएर वैशाख १७ गतेदेखि चिकित्सालय पूर्णरुपमा खाली गरिएको व्यवस्थापक हरी सापकोटाले बताए ।

पूर्वी नवलपरासीमा कोरोना संक्रमण दर बढ्दै गएपछि एक मात्र मध्यविन्दु जिल्ला अस्पतालमा बिरामी राख्ने ठाउँ नभएपछि चितवन रेफर गर्नुपर्ने अवस्था आएको थियो । जिल्लामा संक्रमित बढ्दै जाँदा आइसोलेशन अभाव भएको भन्दै डीसीसीएमसीले हरेक पालिकामा आइसोलशन बनाउन निर्देशन दिइएको थियो ।

जिल्लाको ८ वटै पालिका मातहतमा आइसोलेशनहरु बनाइएका छन् । तर प्राकृतिक उपचारका बिरामी हटाएर खाली गरिएको २ सय बेडको चिकित्सालय भने उपयोगविहीन बनेको छ ।

यसअघि गत वर्ष कोरोनाको पहिलो संक्रमण फैलिँदा मध्यविन्दु जिल्ला अस्पताल मातहतमा रहने गरी अस्थायी कोभिड अस्पताल बनाइएको थियो । प्राकृतिक चिकित्सालयले योग, व्यायाम, प्रणायाम जस्ता योगअभ्यासका साथै प्राकृतिक उपचार पद्धतिबाट बालकदेखि वृद्धसम्म झण्डै २ हजार बिरामीलाई कोरोनामुक्त बनाउन सफल भएको थियो । शतप्रतिशत बिरामी निको बनाउन सफल भएको सामुदायिक चिकित्सालयको आइसोलेशनलाई गण्डकी प्रदेश सरकारले उत्कृष्ट आइसोलेशन ठहर गरेको थियो ।

संक्रमणको बढ्ने क्रम नरोकिएपछि र देवचुलीमै कोरोना संक्रमितले ट्याक्टरमा मृत्युवरण गर्नुपरेको घटनापछि सामुदायिक चिकित्सालय आफैंले कोभिड अस्पताल सञ्चालन गर्ने निर्णय गरेपनि देवचुली नगरपालिका सकारात्मक बन्न सकेन ।

प्राकृतिक चिकित्सालयमा जान डाक्टरहरु नमानेपछि नगरपालिकाले विद्यालय र हेल्थपोष्टमा आइसोलेशन बनाएको देवचुली नगरपालिकाकी उपप्रमुख पार्वता तिवारीले बताइन् । ठूलो संख्यामा बिरामीहरु राख्न सकिने चिकित्सालयलाई उपयोग गर्न नगरपालिका सकारात्मक नदेखिएपछि एक्सरे, ल्याब मेशिन तथा एमबीबीएस डाक्टरसमेत आफैं राखेर कोभिड अस्थायी अस्पताल सञ्चालन गर्ने प्रस्ताव लिएर समितिका पदाधिकारीहरु जेठ ५ गते प्रदेश सरकारसमक्ष पुगेको थियो ।

तर प्रदेश सरकारले कोभिड अस्थायी अस्पताल सञ्चालन गर्ने अनुमति नदिएपछि चिकित्सालय उपयोगविहीन भएको अस्पतालका बरिष्ठ उपाध्यक्ष प्रेम न्यौपानले बताए । कोभिड उपचारका क्रममा चिकित्सालयका डा. बिनोद पौडेल र व्यवस्थापक हरी सापकोटाले समेत निःशुल्क योगदान गर्ने समितिसमक्ष प्रतिवद्धता जनाएका थिए ।

विगतमा कोरोना संक्रमित राजनीतिक दलका नेतादेखि जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुलाई समेत निको बनाएर हाई हाई बनेको अस्पताल कोरोनाको नयाँ भेरियन्ट फैलिएर विषम परिस्थितिमा पुग्दा चिकित्सालय बन्द गरिएकोमा चिकित्सालय र नगरपालिकालाई खबरदारी गरिएको सचेत नागरिक समाज देवचुलीका संयोजक श्याम शर्मा भुसालले बताए ।

विषम परिस्थितिमा हिजोका दिनमा उत्कृष्ट काम गरेको चिकित्सालय राजनीतिक प्रतिशोधका कारण बन्द गरेर राखिनु ठीक नभएको नवलपुर उद्योग संघका अध्यक्ष कृष्ण गौतमले बताए । अस्पतालमा उपचार नपाउने हो कि भनेर र आर्थिक समस्याले गर्दा कतिपय जटिल बिरामीसमेत घरमै बस्ने गरेको र घरमै मृत्यु भएका घटनाहरु नवलपुरमा थुप्रै छन् ।

घरमै बसेका त्यस्ता विरामीहरुलाई उपचार गर्नका लागि पनि सुविधा सम्पन्न यस्ता चिकित्सालयहरुलाई कोभिड अस्पताल बनाउन आवश्यक भएको देवचुलीका बासिन्दासमेत रहेका वाईसीएल नवलपुरका अध्यक्ष चन्द्र रानाभाटले बताए ।

जिल्लामा एक मात्र जिल्ला अस्पतालमा आइसीयूसमेत व्यवस्था हुन सकेको छैन । कोरोना संक्रमितले उपचार नपाउँदा चितवन पुग्नुपर्ने बाध्यता रहँदै आएको छ । कोरोना संक्रमणबाट बैशाख १ गतेपछि मात्रै ४९ जनाको मृत्यु भएको छ । अधिकांशको घरमै तथा चितवनको अस्पतालमा मृत्यु भएको छ ।

## गण्डकीमा ४७३ संक्रमित थपिए, १६ को मृत्यु

गण्डकी प्रदेशमा मंगलबार ४ सय ७३ जना कोरोना संक्रमित थपिएका छन् । पछिल्लो २४ घण्टामा १ हजार १११ जनामा गरिएको नमुना परीक्षणमा प्रदेशका ४७३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

मंगलबार कास्कीका २०१ जना, नवलपुरका ६३ जना, पर्वतका ६२ जना, लमजुङका ४१ जना, स्याङ्जाका ३५ जना, बाग्लुङका ३० जना, तनहुँका २१ जना, स्याग्दी जिल्लाका १२ जना र गोरखाका ८ जनामा संक्रमण पुष्टी भएको स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । योसँगै गण्डकीमा कोरोना संक्रमितको कूल संख्या ४२ हजार ९९७ पुगेको छ ।


यस्तै, पछिल्लो २४ घण्टामा कारोना संक्रमणबाट १६ जनाको मृत्यु भएको मंगलबार निर्देशनालयले पुष्टि गरेको छ ।

मृत्यु हुनेमा कास्कीको पोखरामा उपचाररत विभिन्न जिल्लाका ७ जना, नवलपुरका ४ जना, स्याङ्जाका ३ जना, तनहुँका २ जना तथा पर्वत, बागलुङ र म्याग्दीका १/१ जना छन् । योसँगै गण्डकीमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ६९४ पुगेको निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका अनुसार गण्डकी प्रदेशबाट मंगलबार ६८८ जना कोरोनामुक्त भएका छन् । योसँगै प्रदेशमा कोरोनामुक्त हुनेको संख्या ३१ हजार ८७९ पुगेको छ ।

## अर्थशास्त्री र संस्कृतिकर्मीको निधन





कोरोना संक्रमणबाट पोखराका अर्थशास्त्री र संस्कृतिकर्मीको निधन भएको छ । कोरोना संक्रमणबाट मंगलबार बिहान अर्थशास्त्री डा.गोविन्द थापा र सोमबार साँझ संस्कृतिकर्मी मेनकाजी गुरुङको निधन भएको हो ।

कोरोना संक्रमण देखिएपछि एक महिनाअघि अस्पताल भर्ना भएका थापालाई पछिल्लो १५ दिनदेखि भेन्टिलेटरमा राखिएको थियो । उपचारको क्रममा थापाको मंगलबार बिहान गंगालाल अस्पतालमा निधन भएको हो ।

नेपाल राष्ट्र बैंकबाट अवकाश प्राप्त कार्यकारी निर्देशक थापा २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री भएको नेकपा एमालेको नौ महिने सरकारमा अर्थमन्त्री भरतमोहन अधिकारीको आर्थिक सल्लाहकार थिए । पोखरा-८ नयाँबजारका स्थायी बासिन्दा उनी एमालेको अर्थ तथा योजना विभाग सचिवसमेत रहेका थिए । हाल काठमाडौंको बसुन्धरामा बस्दै आएका थापाका श्रीमती, १ छोरी र २ छोरा छन् ।

यस्तै, संस्कृतिकर्मी मेनकाजी गुरुङको सोमबार बेलुका फिस्टेल हस्पिटल पोखरामा निधन भएको छ । हिमाली सांस्कृतिक परिवार पोखराका अध्यक्ष रहेका गुरुङको मुटुको उपचारका क्रममा सोमबार राति निधन भएको हो ।

तीन साताअघि कोरोना संक्रमणबाट मुक्त भए पनि उनमा मुटुको समस्या रहेको थियो । गुरुङका पत्नी मीनाको कोरोना संक्रमणकै कारण वैशाख ३० गते निधन भएको थियो । पोखरा नयाँगाउँ बस्दै आएका गुरुङका १ छोरी र १ छोरा छन् ।

## किरिया खर्चका लागि स्थानीयको सहयोग



नवलपुरको देवचुली नगरपालिका १ निवासी हर्कबहादुर कुमालको निधन भएको पाँचौ दिनमा मंगलबार आर्थिक सहयोग प्रदान गरिएको छ । ५२ वर्षीय कुमालको जेठ १३ गते निधन भएको थियो । आर्थिक अवस्था कमजोर रहेका कुमालको परिवारलाई किरिया खर्चमा सहयाग होस् भन्ने उद्देश्यले स्थानीय युवाहरुका साथै नवलपुर उद्योग संघका अध्यक्ष कृष्ण गौतमबाट आर्थिक सहयोग प्रदान गरिएको हो ।

गुरुप्रसाद गौतम स्मृति प्रतिष्ठानको तर्फबाट गौतमले ६ हजार तथा बाँकी रकम स्थानीय युवाहरुबाट जुटाएर ९ हजार ७ सय ६५ रुपैयाँ आज परिवारलाई हस्तान्तरण गरिएको छ । आर्थिक अवस्था नाजुक रहेकाले सानो रकम सहयोग गरिएको गौतमले बताए ।

आर्थिक सहयोग हस्तान्तरण गर्नुका साथै प्रतिष्ठान र जनता समाजवादी पार्टीको तर्फबाट शोक पत्र प्रदान गरिएको थियो । मृतक कुमालका श्रीमती तथा पाँच जना छोरीहरु छन् ।

## सम्पादकीय


### सच्चिएको न्यायिक कोर्स

मंगलबार मध्यान्ह राष्ट्रिय दैनिकको सम्पाकीय थियो– जोगाउनुपर्ने न्यायिक भूमिका । सम्पादकीयको आसय न्यायिक भूमिका निर्वाह गर्नुपर्ने सर्वोच्च अदालतले देखाउनुपर्ने तदारूकता र आम अपेक्षाबारे उल्लेख गरिनु थियो । त्यसैअनुसार प्रतिनिधिसभा विघटन विरूद्ध परेको रिटको सुनुवाइ गर्ने संवैधानिक इजलास गठनमा न्यायाधीशहरूले कस्तो विवेक प्रयोग गर्छन् भन्नेमा सम्पादकीय केन्द्रीत थियो । किनभने प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा नेतृत्वको संवैधानिक इजलासका दुई न्यायाधीशहरू तेजबहादुर केसी र बमकुमार श्रेष्ठ माथि प्रश्न उठेको थियो । स्वार्थ बाँभिने भनेर बरिष्ठ अधिवक्ताहरूले न्यायाधीशद्वय केसी र श्रेष्ठलाई इजलासबाट हटाउनुपर्ने माग राखेका थिए । उनीहरूको तर्क थियो– केसी यसअघि संसद् विघटन विरूद्ध परेको रिटमाथि बहस गरिसकेका थिए भने श्रेष्ठले साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्ने इजलासमा संलग्न थिए ।

तर दुवै न्यायाधीशले इजलास छोड्न मानेका थिएनन् । शुक्रबार र आइतबार बरिष्ठ अधिबक्ताहरूले भने इजलास छोड्न माग राखिरहे । यसपछि सोमबार यसबारे निर्णय लिने सर्वोच्च अदालतले निर्णय गरेको थियो । तर सोमबार संवैधानिक इजलासका न्यायाधीशहरूको बैठकले कुनै निर्णय दिएन । मंगलबार राय पेश भयो । इजलासका केसी र श्रेष्ठले नहट्ने जिकिर गरे भने दीपक कार्की र आनन्द मोहन भट्टराईले प्रश्न उठेपछि इजलासमा नबस्न राय दिए । केसी र श्रेष्ठ नहटेपछि कार्की र भट्टराईले इजलास छोड्ने निर्णय गरे । प्रधानन्याधीशले पनि इजलास विघटन गरी बरिष्ठतताका आधारमा नयाँ इजलास गठन गर्ने निर्णय लिएका छन् ।

यसले न्यायिक विश्वास जोगाउने काम भएको छ । हुन पनि कार्यकारिणी, व्यवस्थापिका र राजनीतिक दलहरूमा पनि संकट देखिएका बेला संविधान, प्रणाली र विधिको सर्वोच्चता जोगाउने दायित्व बोकेको संस्था न्यायलय नै थियो । संवैधानिक इजलास प्रति पनि प्रश्न उठ्नुले मुलुकमा संवैधानिक संकटको खतरा देखिएको थियो । तर संभावित खबर मंगलबार न्यायलयमा भएको निर्णयले चिर्ने काम गरेको छ । अब बरिष्ठताको आधारमा र न्यायिक अभ्यासका आधारमा प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णय प्रति निष्पक्ष बहस हुने आशा गरौं । जसले लामा समयसम्मको राजनीतिक संघर्ष, जनताको अपेक्षा र प्राप्त उपलब्धीको संरक्षण गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ । यसअघि पनि असंवैधानिक संसद् भंग गर्ने प्रधानमन्त्रीको निर्णयलाई सर्वोच्च अदालतले नै सच्याएको थियो । अब पनि मुलुकलाई संवैधानिक दायराभित्र राख्न सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

## सामाजिक सञ्जाल



नयाँ युग सुरू हो कि क्या हो ? १) नेकपा बन्यो, फूट्यो । २) एमाले फूट्दै छ । ३) माओवादी त टुक्रेको टुक्र्यै छ । ४) राप्रपाको त के कुरा भो र ! ५) मधेश आन्दोलनको जसपा बन्यो र टुक्रिरहेको छ । ६) नेपाली कांग्रेस विधान र संविधानअनुसार महाधिवेशन नै गर्न नसक्ने तर्फ संकटापन्न हुँदैछ ।

\- **तारानाथ दाहाल**




संस्थापन एमालेले फुट परस्त माकुने ग्यांङलाई दाहिने हात काटेरै दिए पनि उ पार्टी एकताको पक्षमा छैन् भन्ने सदनमा प्रमलाई विश्वासको मत नदिनु, विपक्षी नेतालाई प्रम बनाउन लाग्नु, प्रदेशमा माकेको पक्षमा लाग्नु, राष्ट्रिय सभा उपनिर्वाचनमा पार्टीको उम्मेदवारलाई भोट नदिएबाट छर्लङ्ग हुँदैन र ?

\- **ओमकुमार थापा**




मुलुकभरका नदी, खोला र खानी राजनैतिक पहुँचको भरमा स्थानीय 'डन' 'हरूको कब्जामा छन् । अहिले गरिने इआइए र आइइइ नाम मात्रका छन् । इआइए प्रणाली त एयरपोर्टको 'स्क्यानिङ्ग मेशिन' जस्तो हुनपर्ने हो, तर 'वाशिङ्ग मेशिन' भएको जस्तो लाग्छ । मैंलोलाई झन् सफा गरिदिने ।

\- **उत्तमबाबु श्रेष्ठ**



चुरेलगायतबाट गिट्टी, ढुङ्गा र बालुवा निकासी खुला गर्दा हुने दोहनबाट वातावरण विनाश हुने त सबैले भनिरहनु भएको छ । नेपालमा नै हुने संरचना र अन्य निर्माणको लागि चाहिने ती सामग्रीको निकासीले गर्दा देशभित्र अभाव र मूल्य बृद्धि हुनगई विकास नैं महङ्गो पनि पर्नसक्छ । बेलैमा विचार पुगोस् !

\- **मधुरमन आचार्य**



अस्ति कमिशनको खेलमा कोरोना खोप भारतबाट मगाउन सकेनन् रद्द गरे । अहिले राष्ट्रपतिले उधुम मच्चाउनु भएको छ । त्यो पुरै जनतालाई भए हुन्थ्यो, १०/८ लाखले कति कोकोलाई पुग्ला तेता नजाम । आफुँ गुटको मर्यादा पालक बन्नु भयो अहिले यसो चोखिन चाहि पक्कै खोज्दै हुनुहुन्छ । आशा गरम पुरै जनतालाई खोप उपलब्ध होस् ।

\- **गोविन्द शालिक**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# कोरोना महामारी : राज्य र नागरिकको भूमिका

**हाम्रो जस्तो अल्पविकसित देशले कोरोना महामारी नियन्त्रण गर्न आफ्नो हैसियतअनुसार कार्य गरेकै देखिन्छ । महामारी नियन्त्रणमा सरकारलाई मात्र सम्पूर्ण दोष नदिई नागरिक आफैंले पनि यसबाट बच्ने उपायहरू अनिवार्य र कडा रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ । सरकार, समाजका जागरूक नागरिक सक्रिय भए मात्रै कोरोनालाई पराजित गर्न सकिन्छ ।**



● शिव कुमार श्रेष्ठ

चीनको बुहानबाट शुरु भएको कोभिड-१९ ले पहिलो लहरमा विश्वका ३३ लाख ५८ हजार १७६ जना मानिसलाई मृत्युको मुखमा पुऱ्याईदिएको थियो । अहिले दोस्रो लहरको रुपमा देखिएको कोभिडले विश्व मानव समुदायलाई निकै आक्रान्त पारेको छ । दोस्रो लहरमा भारतीय भेरियन्ट, ब्राजिलियन भेरियन्ट, साउथ अफ्रिकन भेरियन्ट र युके भेरियन्ट गरि चार प्रकारको देखिएको छ । नयाँ भेरियन्टले नयाँ र झन् विकराल रुप धारण गरेको देखिन्छ । यो नयाँ स्वरुपको भाइरस कोभिड-१ भन्दा अढाई गुणा कडा र असरदार भएको विज्ञहरुको भनाइ छ । यो खास गरी विद्यालय जाने उमेर समूहका बालबालिकालगायत युवावर्गमा बढी देखिएको छ । पहिलोको कोरोना-१ ले वृद्धवृद्धालाई बढी आक्रमण गरेको थियो भने बच्चाबच्चीमा ज्यादै न्युन संख्यामा संक्रमण देखा परेको थियो ।

शताब्दीको घातक कोभिड-१९ महामारीले अहिले विश्व मानव जीवन र विश्व अर्थतन्त्र अस्तव्यस्त बनाएको छ । यसले नागरिकको आर्थिक, सामाजिक, मानसिक र स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दा अपराध र काला बजारीमा बृद्धि भएको छ । मानिसमा अनौठो बैचेनी, रोग, भोक र भयग्रस्त मनोविज्ञानको विकास गराएको छ । सम्पूर्ण मानिस, देश र विश्व समुदाय नै यसबाट आक्रान्त छन् ।

महाव्याधीले हामीलाई सभ्य र स्वस्थ तरिकाले बाँच्ने वा काम राष्ट्रिय हितको साथै मानव महासंकटबाट बच्ने हितकर उपाय हुनेछ ।

कोरोना कहरको यो नयाँ उभार र संकटको घडीमा सौहाद्रता र आपसी सहकार्यको खाँचो टड्कारो रुपमा हाम्रो सामु खडा भएको छ । यस घडिमा सहयोगी हातहरुको उत्तिकै अपरिहार्यता देखिएको छ । स्वास्थ्यसम्बन्धी हरेक आयामलाई आफ्नो धर्म र कर्म ठानेर निरन्तर लाग्ने महामानवहरु पनि धेरै छन् । कोरोना कहरको मौका छोपी भएको खबर संचार माध्यममार्फत आईरहेकै छ ।

कोरोना संक्रमण बढि हुनुमा मानिसका गतिविधिहरु बढी जिम्मेवार देखिन्छन् । अहिले सम्पूर्ण नेपाली रोग, भोग र शोकले प्रताडित छन् । विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोसले पनि नेपाल र भारत कोरोना संक्रमणले चरम संकटमा परेको निष्कर्ष निकालेका छन् । त्यसकारण नेपाल र भारतको संरचनाले धान्न नसकेकोले नेपाललाई आपतकालिन सबै खाले सहयोग गर्ने कुरा टुडोले प्रेस सम्मेलनमार्फत जानकारी गराएका छन् । नेपाल सरकारले पनि वैशाख २ गते सबै राजदूतलाई कोरोना कहरमा सहयोग गर्न अनुरोध गरेको छ । त्यस्तै विदेशमा बसेका वा कामको शिलशिला विदेशीएका नेपालीहरुले पनि आफ्नो गाँस काटेर यथासक्दो एन.आर.एन.मार्फत अक्सिजन ग्यास सिलिन्डरलगायत विभिन्न स्वास्थ्य सामग्री पठाई सराहनिय काम गरेका हुन् ।

कोरोनाको आगो बल्न शुरु हुँदाहुदै केहि कार्यले पूर्ण रुपमा रोकिने त होइन् । हाम्रो जस्तो अल्पविकसित देशले कोरोना महामारी नियन्त्रण गर्न आफ्नो हैसियतअनुसार कार्य गरेकै देखिन्छ । महामारी नियन्त्रणमा सरकारलाई मात्र सम्पूर्ण दोष नदिई नागरिक आफैंले पनि यसबाट बच्ने उपायहरु अनिवार्य र कडा रुपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

> कोरोना संक्रमण बढि हुनुमा मानिसका गतिविधिहरू बढी जिम्मेवार देखिन्छन् । अहिले सम्पूर्ण नेपाली रोग, भोग र शोकले प्रताडित छन् । विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोसले पनि नेपाल र भारत कोरोना संक्रमणले चरम संकटमा परेको निष्कर्ष निकालेका छन् ।



> **कोरोनाको दीर्घकालिन औषधी भनेकै मास्क, सेनिटाइजर र भौतिक दुरी नै हो । यी तीनमुल मन्त्र धेरैभन्दा धेरैले पालना गरे थोरैभन्दा थोरै मात्रामा संक्रमित हुने कुरा सावित भईसकेको छ । यस कोरोना भाइरसका विषाणुहरूलाई मानवबाट जनावर र वातावरणमा सर्नेबाट जोगाउन थप प्रयास गर्नु पर्दछ ।**

गर्ने विषयमा पुनः विचार गर्ने अवसर मात्र गरेको नभई, बरु यसले हामीलाई विश्व व्यवस्थाको संरचना र कार्यशैलीमा पुनः विचार गर्ने अवसर पनि प्रदान गरेको छ । कोरोना भाइरस महाव्याधीबाट मानिसहरुको जीवन चर्चा र जीवन बचाउन महत्वपूर्ण हुन्छ । यसका लागि राष्ट्रिय स्वार्थभन्दा माथि उठेर गरिने प्रयासले मात्र विश्व मानव समुदायको भलो हुन्छ । विगतका विभिन्न रोगव्याधीबाट बच्नका लागि गरिएको सहकार्यबाट सिक्न र उपलब्ध सीमित स्रोत, साधनलाई विश्वव्यापीकरण र रणनीतिक रुपले साझेदारी गर्नुमा हरेक मुलुकको मौकामा चौका दाऊ हान्ने नरपिचासहरु पनि प्रशस्त पाइएका छन् । संक्रमितहरुको रोदन र क्रन्दन उनीहरुलाई के वास्ता ! मानिसको जीवनसँग खेलवाड गर्दै कोभिडको औषधी रेभेसीन्डीयरलगायत विभिन्न औषधी, अक्सिजन ग्यासमा उचित फाइदा लिई काला बजारीकरण गरेका छन् । निजी अस्पताल र नर्सिङ्ग होम र केही औषधी पसलको त अवसरको फाइदा उठाउँदै पैसा कमाउने चाडपर्वका रुपमा परिणत भएको छ । सुरक्षा सामग्री, अक्सिजन र अन्य चिकित्सकजन्य सामग्रीको अभाव हुँदै गईरहेको छ । खोप ल्याउन करौडौको कमिशनको चलखेल सरकार, समाजका जागरुक नागरिक सक्रिय भए मात्रै कोरोनालाई पराजित गर्न सकिन्छ । कन्ट्याक्ट ट्रेसिङ थप सशक्त बनाउन, परिक्षणको दायरा फराकिलो पार्न र निःशुल्क बनाउन, संक्रमितलाई निगरानीमा राख्न र उपचार सेवा आवश्यक भएकालाई व्यवस्था मिलाउन अग्रसर हुनु पर्दछ ।

कोरोनाको दीर्घकालिन औषधी भनेकै मास्क, सेनिटाइजर र भौतिक दुरी नै हो । यी तीनमुल मन्त्र धेरैभन्दा धेरैले पालना गरे थोरैभन्दा थोरै मात्रामा संक्रमित हुने कुरा सावित भईसकेको छ । यस कोरोना भाइरसका विषाणुहरुलाई मानवबाट जनावर र वातावरणमा सर्नेबाट जोगाउन थप प्रयास गर्नु पर्दछ । कोरोना कहरको यस विषम परिस्थितिमा हामीले उच्च सर्तकता नअपनाए अझ भयावह, विकराल र विराट रुप लिई मानव समुदाय नै संकटमा नपर्ला भन्न सकिन्न । आफू बाचौं, र अरुलाई पनि बचाऔं भन्ने मनन गरि सिंगो मानव समुदायको संरक्षणको लागि अग्रसर होऔं ।

# जोखिमपूर्ण औद्योगिक सुरक्षा



● प्रदीप उप्रेती

> वर्तमान जोखिमपूर्ण अवस्थामा व्यक्तिगत रुपमा प्रयोगमा आउने एप्रोन, ज्यावल, औद्योगिक क्षेत्रको मुख्य प्रवेशद्धारमा स्यानिटाईजेशनयुक्त ढोकाको प्रयोग, जोखिम न्यूनिकरणका उपायमा आधारित जनचेतनामूलक अभिमुखी कार्यक्रमको उचित व्यवस्थापन, मानवीय सामाजिक भौतीक दुरीको प्रयोगमा विशेष ध्यान दिनु, औद्योगिक सुरक्षाको प्रमुख सुरक्षा विन्दुको अतिरिक्त कोभिड १९ को जोखिम न्यून गर्ने आधारभूत आवश्यकता हुन्

वर्तमान कोभिड१९ को उच्च जोखीमपूर्ण परिस्थितिमा औद्योगिक व्यवसाय सञ्चालन गर्नु निक्कै नै चुनौतीपूर्ण कार्य हो । एकातिर मुलुकको आर्थिकजन्य क्रियाकलाप लगभग शुन्य प्रायः अवस्थामा रहेको छ भने अर्कोतर्फ परिस्थितिको उचित मूल्याकंन गर्दै चलाएमान बनाउनु पर्ने बाध्यता पनि औद्योगिक समुदायलाई छ । जसका लागि निश्चित मापदण्डसहितको उचित व्यवस्थापनको पालना गर्ने शर्तमा व्यवसाय सञ्चालन गर्न दिने रणनीतिलाई राज्यका तर्फबाट अंगिकार गर्दै आएको पाईन्छ । जसको पूर्ण कार्यान्वयनको लागि मुलतः औद्योगिक सुरक्षाको क्षेत्रमा विशेष हेक्का राख्दै सम्बद्ध क्षेत्रबाट मानव स्वास्थ्य सुरक्षा संवेदनशिलताको पूर्ण प्रत्याभूतीसहितको उचीत कार्ययोजनाले आउन आवश्यक छ । तब मात्र यस क्षेत्रमा आवद्ध रहने श्रमिक, कर्मचारी एवं रोजगारदाता समूहले पूर्ण सुरक्षाको अनुभूति गर्न सक्नेछन् ।

यद्यपी औद्योगिक सुरक्षा यस्तो संवेदनशील पक्ष हो जसले निश्चित रुपमा औद्योगिक अनुशासनमा आवद्ध रहन हरेक समूहलाई उत्पेरित गराउँदै आएको हुन्छ । जसको अभावमा औद्योगिक दुर्घटना पर्न गई जनधनको क्षति हुने तथ्यलाई हृदयगमन गर्दै व्यवस्थापन पक्षबाट चालिएको सुरक्षा अवधारणालाई आफुँ र आफ्नो मातहतमा रहेको हरेक समुहलाई अवगत गराउँदै शर्तक एवं संयमित रहदै अनुशासनको घेरामा बाँध्ने प्रयत्न गनुपर्ने हुन्छ । जसले औद्योगिक दुर्घटना न्यूनीकरणको क्षेत्रमा अभूतपूर्व सफलता प्राप्त गर्न सहयोग पुऱ्याउने हुदाँ उक्त गतिविधीलाई औद्योगिक सुरक्षाको क्षेत्रमा मुलमन्त्र मान्दै कार्यान्वयनमा ल्याउनु आजको प्रमुख आवश्यकता होभन्दा फरक नपर्ला ।

सुरक्षित अवधारणाभित्र आवद्ध रहँदै उपयूक्त कार्य थलोको विकासमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ । किनकी योजनावद्ध आधारमा काम गर्ने वातावरणको उचित व्यवस्थापन नभएसम्म त्यस क्षेत्रमा कार्यरत रहेका श्रमशक्तिले आफ्नो स्वास्थ्य एवं औद्योगिक व्यवसाय प्रतिकुल रहेको महशुस गर्ने हुँदा चाहना अनुरुपको प्रतिफल प्राप्त गर्ने कार्यमा गतिरोध उत्पन्न हुनेछ भन्दा फरक नपर्ला । जसले उत्पादनको क्षेत्रमा समेत ऋणात्मकता छाउने तथ्यलाई ईन्कार गर्न मिल्दैन ।

मुलुकको आर्थिक सम्मुन्नतीको आधारविन्दुको रुपमा रहेको औद्योगिक समूहको घनात्मक विकासको लागि आवश्यक पर्ने अनिवार्य तत्वको रुपमा रहेको श्रमशक्तिले औद्योगीक समुहमा पार्ने प्रभाव एवं परिणामलाई उचित मूल्याकंन गर्ने परिपाटीको विकासले औद्योगिक सुरक्षाको क्षेत्रमा विशेष महत्व राख्ने गरेको पाईन्छ । सोही आधारमा औद्योगिक प्रतिष्ठानको सुरक्षा क्षेत्रको वर्तमान अवस्थाको बारेमा निर्क्योल गर्दै समयानुकुल आवश्यक सुधार गर्नुपर्ने भएमा सोका लागि केन्द्रित रहन सरोकारवाला पक्षलाई सहयोगीको भूमिका निर्वाह गर्नेछ ।

यसका अतिरिक्त राज्य, रोजगारदाता एवं श्रमीक समुदायको अनुन्याश्रीत सम्बन्ध विस्तारले औद्योगिक सुरक्षाको क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ । औद्योगिक सुरक्षा श्रमसुरक्षामा आधारित रहने मात्र नभई राज्यको राजश्व असुली गर्ने भरपर्दो माध्यमसमेत हो । किनकी राज्यमा अवस्थित औद्योगिक समूहहरु कोभिड१९ को त्रास एवं जोखिमका कारण अझै केहि समयसम्म बन्दाबन्दिको अवस्थामा नै रहने हो भने, निश्चित रुपमा राज्यको राजश्व असुलीको क्षेत्रमा समेत ऋणात्मक असर पर्न गई आर्थिक मन्दीको अवस्था तयार हुने तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन । उक्त डरलाग्दो आर्थिक परिस्थतीको निर्माण नहोस् भन्नाको खातिर औद्योगिक व्यवसाय संञ्चालन गर्न दिने रणनीतिलाई राज्यले अख्यितार गरेको बुझिन्छ । जसबाट मुक्ति पाउनको लागि राज्य एवं रोजगारदाताको तर्फबाट काम गर्ने समय निश्चित रुपमा किटान गर्दै वर्तमान महामारीको समयमा पनि उद्योगलाई न्यून रुपमा भएपनि चलायमान गराउन प्रतिबद्ध रहेको पाईन्छ ।

यसका अतिरिक्त श्रमको अर्को महत्वपुर्ण पाटो भनेको सम्बद्ध पक्षको पारिश्रमिकलाई लिन सकिन्छ । जसका लागि श्रमिक तथा कर्मचारी वर्ग अहोरात्र आफ्नो कार्यक्षेत्रमा आवद्ध रहन्छन् भने सोहि तथ्यलाई मध्यनजरमा राख्दै व्ययसायीवर्गले आफ्नो उत्पादन अभिवृद्धि गर्ने कार्यमा मानव पुँजीस्वरुप प्राप्त हुन आएको श्रमशक्तिलाई उचित व्यवस्थापन गर्दै आएका छन् । साथै औद्योगिक क्षेत्र प्रदुषण मुक्त छ वा छैन भन्ने तथ्यले भिन्नै अर्थ राख्नेछ । त्यसो भएको हुँदा कार्यरत श्रमीक तथा कर्मचारीको स्वास्थ्यको सुरक्षा औद्योगिक सुरक्षाको अर्को महत्वपूर्ण पाटोसमेत हो । सोको रक्षाको लागि ध्वनी प्रदुषण न्यूनिकरणका अतिरिक्त रसायन एवं वायुप्रदुषणको सीमा निर्धारणमा उचित ध्यान दिनु जरुरी भईसकेको छ । यस प्रकारका जनस्वास्थ्यसँग प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने विषयको अभाव हुन नदिन विशेष ध्यान दिनुपर्ने हुन्छ । विपरित अवस्था तयार भए उपयूक्त कार्यक्षेत्रको विकासको सम्भावना लगभग शुन्य प्रायः अवस्थामा रहनेछ । जुन औद्योगिकीकरणको लागि घातक सावित हुने निश्चित छ ।

वर्तमान जोखिमपूर्ण अवस्थामा व्यक्तिगत रुपमा प्रयोगमा आउने एप्रोन, ज्यावल, औद्योगिक क्षेत्रको मुख्य प्रवेशद्धारमा स्यानिटाईजेशनयुक्त ढोकाको प्रयोग, जोखिम न्यूनिकरणका उपायमा आधारित जनचेतनामूलक अभिमुखी कार्यक्रमको उचित व्यवस्थापन, मानवीय सामाजिक भौतीक दुरीको प्रयोगमा विशेष ध्यान दिनु, औद्योगिक सुरक्षाको प्रमुख सुरक्षा विन्दुको अतिरिक्त कोभिड १९ को जोखिम न्यून गर्ने आधारभूत आवश्यकता हुन् । जसको अभावमा औद्योगिक व्यवसायहरु सुरक्षित रुपमा सञ्चालनमा आउन नसक्ने हुँदा उचित संरक्षणसहितको व्यवस्थापन आजको औद्योगिक सुरक्षाका अभिन्न अङ्गसमेत मान्न सकिन्छ ।

तसर्थः श्रमीक, कामदार, व्यवस्थापकीय पक्ष तथा कर्मचारीवर्गको स्वास्थ्य एवं भविष्य केन्द्रित जीवन सुरक्षाको खातिर स्वास्थ्य बिमाका अतिरिक्त जीवन बिमाको व्यवस्था गर्नुपर्ने हुन्छ । भविव्यमा परिआए ज्यानसमेत जानसक्ने सम्भावना रहेको कार्यक्षेत्र पहिचान गरि उक्त क्षेत्रमा कार्यरत समूहको स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिनुपर्नेछ ।

हालको जोखिमपूर्ण अवस्थामा सुरक्षित अवधारणा अनुरुप सम्भव भएसम्म औद्योगिक प्रतिष्ठानभित्रै क्वारेनटाईनको व्यवस्थापनको अतिरिक्त आवश्यक परेको बखतमा कार्यरत पक्षको जीवन रक्षार्थ अस्पतालसम्म पुग्नको लागि आवश्यक पर्ने सवारी साधनको स्थलगत व्यवस्थापन गर्न सके श्रम सुरक्षाको क्षेत्रमा उल्लेख्यनीय सुधारको अनुभूती प्रवाहित गर्न सकिनेछ । जसले औद्योगिक सुरक्षाको क्षेत्रमा कोभिड१९ को त्रास एवं संक्रमणको जोखिम न्यूनीकरण गर्न उल्लेख्यनीय भूमिका निर्वाह गर्ने कुरामा हामी कसैको पनि दुईमत छैन् ।

यस प्रकारका सकारात्मक कार्यको विकासले उक्त क्षेत्रमा रहेको अनेकौं चुनौतीहरुलाई चिर्दै सुरक्षित औद्योगिक अवधारणाअनुसार निरन्तर रुपमा औद्योगिक व्यवसायहरु सञ्चालन गर्न सकिने प्रशस्त सम्भावनाहरु जिवन्त रहनेछ । मुलुकको आर्थिक विकासमा औद्योगिक समूहले निरन्तर रुपमा राज्यपक्षसँग हातेमालो गर्दै सहयात्रीको रुपमा कार्य गर्दै आएको तथ्यसँग यस क्षेत्रका जानकारलगायत हामीहरु कोहि पनि अनभिज्ञ रहेका छैनौं । तसर्थ जोखिमपूर्ण यस समयलाई अत्याधिक सदुपयोगका लागि राज्यका तर्फबाट निरन्तर सहयोगको अपेक्षा राख्दै व्यवसाय सञ्चालनको क्षेत्रमा लाग्ने प्रतिबद्धतासहितको कार्ययोजनालाई क्रमशः अगाडी बढाउने प्रणअनुसार जोखिम मोलेरै भए पनि औद्योगिक व्यवसाय सञ्चालनको लागि कम्मर कस्नु जोखिमबीचको अवसर पनि मान्न सकिन्छ ।

# डब्लुएचओद्वारा नयाँ भेरियन्टहरुको नामाकरण



**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले विभिन्न देशमा भेटिएका कोरोना भाइरसको नयाँ भेरियन्टहरुको नामाकरण गरेको छ। जसअनुसार डब्लुएचओले भारतमा फैलिएको बी.१.६१७.२ कोरोना भाइरसको प्रकारलाई जनाउने 'भेरियन्ट' लाई डेल्टा भेरियन्टका रूपमा पहिचान गराएको छ। भाइरसको नाम उच्चारण सजिलो बनाउन नसक्दा यसलाई सञ्चारमाध्यम तथा जनमानसले भारतीय भेरियन्टका नामले चिन्दै आएका थिए ।

डब्लुएचओले सोमबार आफ्नो एक विशेषज्ञ समूहसँगको छलफलमा भेरियन्ट्स को लागि सजिलै-उच्चारण र गैर-कलंकित सङ्केत (नाम)हरू प्रयोग गर्न सिफारिस गरेको हो ।

डब्लुएचओले जारी विज्ञप्तिमा भनिएको छ, 'कोभिड-१९ को प्रकारलाई जनाउँदा कुनै देशको नाम उच्चारण गर्दा यसले सम्बन्धित देशको प्रतिष्ठामाथि आँच आएको गुनासोलाई सम्बोधन गर्दै ग्रीक वर्णमालाका अक्षर अल्फा, बीटा, गामाजस्ता गैर-वैज्ञानिक समूह वा श्रोता तथा दर्शकहरुद्वारा छलफल गर्न सजिलो र अधिक व्यवहारिक हुने अक्षरहरु प्रयोग गर्न सिफारिस गरिएको छ ।'

त्यसैगरी बेलायतमा भेटिएको खतरनाक नयाँ कोभिड भाइरस (बी.१.१.७) लाई डेल्टा, दक्षिण अफ्रिकामा भेटिएको भाइरसलाई बिटा र ब्राजिलमा भेटिएको नयाँ भाइरसलाई गामा नामाकरण गरिएको छ ।

यी भाइरसको वैज्ञानिक नाम पूर्ववत नै रहेपनि उच्चारण सजिलो बनाउन र भाइरसको पहिचान कुनै देश विशेषको नामबाट हुँदा यसले उक्त देशलाई हेर्ने विभेदकारी दृष्टिकोण बन्ने भनाइहरूपछि विश्व स्वास्थ्य संगठनले यो निर्णय लिएको हो ।

विश्व स्वास्थ्य सङ्गठनकी कोभिड-१९ प्राविधिक समूहकी प्रमुख मारिया भन कर्खोभले ट्वीट गर्दै भने, 'भेरिअन्ट पत्ता लगाएर जानकारी दिएकोमा कुनै पनि देशलाई अप्ठेरोमा पारि नुहुन्न ।'

अमेरिका, ब्राजिल, फिलिपिन्स र अन्य मुलुकहरूमा भेटिएका कोभिडका नयाँ प्रकारलाई एप्सिलन, जेटा, आयोटा र थेटाजस्ता नाम दिइएको छ ।

भारतमा सबैभन्दा पहिले भेटिएको प्रकारलाई भने 'कप्पा भेरियन्ट' नामाकरण गरिएको छ । भारतमा भेटिएको बी.१.६१७.२ भेरियन्ट भारतमा कोभिडको घातक दोस्रो लहरको रूपमा देखिएको छ। महामारीको उक्त दोस्रो लहरका कारण दैनिक हजारौंको मृत्यु हुनुका साथै लाखौं सङ्क्रमित हुँदा भारतको स्वास्थ्य सेवा संरचनालाई नै अस्तव्यस्त बनाएको छ ।

कर्खोभका अनुसार यदि २४ भन्दा धेरै भेरिअन्ट भेटिएको खण्डमा ग्रीक वर्णमालाका अक्षर सकिनेछ र नयाँ प्रणाली घोषणा गरिनेछ।

# बेलायतमा कोभिडको तेस्रो लहर आउन सक्ने आँकलन



**काठमाडौं/एजेन्सी–** बेलायत सरकारको सल्लाहकार समेत रहेका एकजना वैज्ञानिकले बेलायत कोभिड १९ को तेस्रो लहरको पनि चपेटामा पर्न सक्ने भन्दै सरकारलाई चेतावनी दिएका छन् ।

उनले यससँग सम्बन्धित बेलायतमा पछिल्लो समयमा तीन हजार ३८३ जना यस्ता नयाँ संक्रमित भेटिएको भन्दै यस्तो अवस्था रहेका बताएका हुन् । तेस्रो लहर ल्याउन सक्ने प्रकारका बृटिश प्रजातिका नयाँ संक्रमितहरु थपिने क्रम जारी नै रहेकोले त्यस्तो अवस्था आएको क्याम्ब्रिज विश्वविद्यालयका प्राध्यापक रवि गुप्ताले बताएका हुन् ।

उनले बेलायतको वर्तमान अवस्थाका बारेमा भनेका छन्, 'हुनत हाल बेलायतमा देखा परिरहेका संक्रमितहरुको संख्या थोरै छ तर पनि ती संक्रमितहरुलाई भारतमा भेटिएका भारतीय प्रजातिका संक्रमितहरुका कारणले बल पुग्न पनि सक्छ ।'

'यसैकारणले बेलायतमा कोभिडको तेस्रो लहरको शुरुआत हुन सक्ने अवस्था रहेको छ,' उनले भनेका छन् । उनले बिबीसीसँगको कुराकानीमा सोमबार भनेका थिए कि 'हुनत अहिले बेलायतमा देखिएका संक्रमितको संख्या अहिलेको लागि थोरै जस्तो लाग्छ तर पछि गएपछि यी संख्या पनि धेरै नै हुदै जानेछन् ।'

'शुरुमा देखिँदा जुनसुकै भेरियन्ट पनि सानो संख्यामा नै देखा परेका थिए र अब तिनै सानोबाट नै धेरैमा फैलिन सक्ने अवस्था हिजोको जस्तो हुन पनि सक्छ,' उनले भनेका छन् । बेलायतमा दुई महिना अघि भेटिएको भनिएको कोभिड १९ को बृटिश भेरियन्टलाई निकै खतरानाक भनिएको छ।

## भारतमा संक्रमण घट्ने क्रम जारी

**काठमाडौं/एजेन्सी–** कोरोनाभाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि संक्रमण दरमा कमी आएको छ । पछिल्लो २४ घण्टामा १ लाख २७ हजार ५१० जनामा थप व्यक्तिमा कोरोना संक्रमण भएसँग देशभर हालसम्म कूल २ करोड ८१ लाख ७५ हजार ४४ व्यक्ति कोरोना संक्रमित भएका छन् । भारतमा हिजो कोरोना संक्रमितको संख्या गत ५१ दिन यताको नै कम भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार जनाएको छ ।

भारतमा दैनिक मृत्यु दरमा हिजो केही कमी आएको छ । मन्त्रालयले मंगलबार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा २ हजार ७९५ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको उल्लेख छ। यो सहित भारतमा हालसम्म कोभिड-१९ को संक्रमणबाट ३ लाख ३१ हजार ८९५ जनाको ज्यान गएको छ ।

भारतमा हाल कोभिड-१९ का १८ लाख ९५ हजार ५२० व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन् । भारतमा सक्रिय संक्रमित २० लाख भन्दा कम भएको ४३ दिन यताको पहिलो पटक हो । भारतमा गत मे १० मा सक्रिय संक्रमितको संख्या उच्च विन्दुमा पुगेको थियो । विगत २४ घण्टामा २ लाख ५५ हजार २८७ ब्यक्ति कोभिडबाट संक्रमणमुक्त भएका जनाएको छ ।

भारतमा हालसम्म ३४ करोड ६७ लाख ९२ हजार २५७ व्यक्तिको कोरोना परिक्षण गरिएको सरकारी स्रोतले जानकारी दिएको छ। भारतमा गत जनवरी १६ तारिखबाट कोरोनाविरुद्ध खोप अभियान शुरु भएको थियो। मन्त्रालयका अनुसार हालसम्म कुल २१ करोड ६० लाख ४६ हजार ६३८ डोज खोप लगाइएको छ ।

# पाकिस्तानको रावलपिंडीमा बढ्दो गर्मीसँगै खानेपानीको अभाव

**काठमाडौं/एजेन्सी–** तापक्रम बढ्दै जाँदा पाकिस्तानको रावलपिन्डीमा पानीको आपूर्तिमा अभाव देखिन थालेको छ । पानीको अभाव हुनुमा भूमिगत पानीको तह घट्नु र बाँधबाट प्रशस्त आपूर्ति नहुनुलाई कारक मानिएको छ ।

खानेपानी तथा सरसफाई निकाय (वासा) का प्रबन्ध निर्देशक राजा शौकत मेहमूदले पानीको अभावबारे भने, 'गर्मीका कारण पानीको भूमिगत तह घटेपछि वितरणमा कमी भएको हो । रावलपिन्डी शहरमा दैनिक पाँच करोड ९० लाख ग्यालन पानीको आवश्यकता रहेकोमा हाल चार करोड ६० लाख ग्यालन आपूर्ति भइरहेको छ ।' उनले भूमिगत पानीको सतह ६५० फिट गहिराईमा झरेको छ भने रावल र खानपुर बाँधबाट हुने पानीको आपूर्तिमा गर्मीका कारण उल्लेख्य कटौती हुँदा अभाव बढेको बताए ।



प्रबन्ध निर्देशकले भने, 'भूमिगत स्रोत र बाँधबाट आउने पानीको स्रोत शहरबासीको पानीको मुख्य स्रोत रहेको र खडेरीका कारण ती स्रोतहरूबाट आवश्यकता अनुसार पानीको मात्रा उपलब्ध नहुँदा समस्या देखिएको रावलपिंडी शहरका १६ लाख बासिन्दाको पानीको आवश्यकता पूरा गर्न स्थापित ४६० ट्युबवेलहरूबाट माग पूरा गर्न समस्या भइरहेको हो ।'

उनले भने, 'सहरमा यसपहिले पनि नागरिकले आवश्यकता अनुसार पानी पाइरहेका थिएनन् र खडेरी र गर्मी बढ्दै जाँदा समस्या पनि बढिरहेको छ ।' द एक्सप्रेस ट्रिब्यूनले मेहमूदलाई उद्धृत गर्दै भनेको छ, 'खानेपानी आयोजनाको पहिलो चरण विगत दुई दशकदेखि थाँती रहेको छ र बारम्बार समीक्षा गरिए पनि सुरु गरिएको छैन ।' इमरान खानको नेतृत्वमा रहेको पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) सरकारको तीन बर्षको अवधिमा पनि यो परियोजना छलफल र बैठकको हिस्सा मात्र रहेको र यसलाई सुरु गर्न कुनै ठोस प्रयास नगरिएको अधिकारीहरूले बताएका छन् ।

पाकिस्तानका अन्य शहरी क्षेत्रहरू पनि पानीको सङ्कटमा तीव्ररूपमा पर्दै गएका छन् । अप्रिलमा कराँचीमा ४० डिग्री सेल्सियस तापक्रम पुग्दा पानीको माग बढेको तर तीव्र अभाव भएको बताइएको थियो ।

यसैबीच, पाकिस्तानको सिन्ध प्रान्तमा गुड्डू ब्यारेजका प्रमुख इन्जिनियरले यस प्रान्त तथा बाँधमा ६० बर्षमा पहिलो पटक नराम्रो पानीको अभाव भइरहेका बताउँदै मे र जूनमा धान रोप्ने काममा नआउन पाकिस्तानी किसानहरूलाई सल्लाह दिएका थिए । इन्दु नदी प्रणाली प्राधिकरण (आईआरएसए) ले शनिबार पञ्जाब र सिन्ध प्रान्तहरूमा ३२ प्रतिशत मात्रा कम पठाउने निर्णय गरेको छ ।

# पेरुमा कोरोनाबाट मृत्यु हुनेको संख्या दोब्बर भन्दा धेरैले बढ्यो

**काठमाडौं/एजेन्सी–** पेरुले कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मृत्यु हुनेको तथ्यांक सच्याएको छ । यसअघि पेरुले कोरोना संक्रमणका कारण ६९ हजार ३४२ जनाको मृत्यु भएको बताए पनि समग्र विवरण खोज्दा मृतकको संख्या एक लाख ८० हजार ७६४ पाइएको छ ।

जोन्स हप्किन्स युनिभर्सिटीका अनुसार योसँगै पेरु जनसंख्याको आधारमा सबैभन्दा धेरै कोरोना मृत्युदर भएको मुलुक बनेको छ । पेरुमा कोरोनाको कारण प्रति एक लाख मानिसमा पाँच सयभन्दा बढीको मृत्यु भएको छ । यसअघि हंगेरी जनसंख्याको आधारमा सबैभन्दा धेरै मानिसको मृत्यु हुने



मुलुकको रुपमा थियो । हंगेरीमा कोरोनाबाट मृत्यु हुनेको संख्या प्रति एक लाखमा तीन सयको हाराहारीमा छ ।

पेरुकी प्रधानमन्त्री भायोलेटा बर्मुडेजले कोरोनाबाट मृत्यु हुनेको संख्या पेरु र अन्तर्राष्ट्रिय विशेषज्ञको सुझावको आधारमा सच्याइएको बताएकी छन् । यसअघि पेरुमा अन्य अवस्थामा मृत्यु हुने र कोरोनाकालमा मृत्यु हुनेको संख्यामा ठूलो अन्तर पाइएको थियो । 'मलाई लाग्छ कि अपडेट गरिएको सूचना सार्वजनिक गर्नु हाम्रो जिम्मेवारी हो,' बर्मुडेजले भनिन् ।

पेरु ल्याटिन अमेरिकामा कोरोनाबाट निकै प्रभावित भएको मुलुकमध्येको एक हो । कोरोना महामारीको कारण पेरुमा स्वास्थ्य संकटका साथै अक्सिजनको पनि अभाव चुलिएको थियो ।

पेरुको चिकित्सक महासंघका गोडोफ्रेडो टालाभेराले कोरोनाबाट मृत्यु हुनेको संख्यामा वृद्धि हुनु कुनै आश्चर्यको विषय नभएको बताए । कमजोर स्वास्थ्य प्रणालीका कारण पेरुमा धेरै मानिसको मृत्यु भएको उनको बुझाइ छ ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

मेडिकल सामग्री आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७८/०२/१९ गते)

१) यस नगरपालिकाको चरिकोट अस्पतालका लागि कोभिड-१९ संक्रमण नियन्त्रणसँग सम्बन्धित तपशिल बमोजिमको मेडिकल सामग्री आपूति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको सर्तहरुको अधिनमा रहेर रितपूर्वकको बोलपत्र E–biding (www.bolpatra.gov.np/egp) को माध्यामबाट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।
२) स्वीकृत बोलपत्रदाताले सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र मेडिकल सामग्री आपूर्ति तथा जडान गरी सक्नुपर्ने छ ।
३) यस सम्बन्धी विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document र www.bhimeshwormun.gov.np मा हेर्न सकिने छ ।
४) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | ठेक्का/योजना नाम | लागत अनुमान रकम रु (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | बोलपत्र फाराम खरिद अवधि | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BMP/NCB/GOODS/2077-078/E/29 | Supply and installation of Oxygen Plant at Charikot Hospital , Dolakha | ८८,४९,५५७/५२ | ३,०००/- | २,५०,०००/- | सूचना प्रकाशन मितिले ७ औं दिन सम्म | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको १२ बजे भित्र | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको २ बजे |
| BMP/NCB/GOODS/2077-078/E/30 | Establishment of HDU at Charikot Hospital, Dolakha | ८१,५०,४४२/४८ | ३,०००/- | २,४०,०००/- | सूचना प्रकाशन मितिले ७ औं दिन सम्म | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको १२ बजे भित्र | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको २ बजे |

साउदीमा रोजगार

१. कम्पनी SAS BUILDINGS GENERAL CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१८ L.T. No.: 240330

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 56 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी YANABEEH AL ENJAZ COMPANY FOR OPERATION AND MAINTENANCE शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१६ L.T. No.: 240333

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी AWAD BIN LAFI BIN AWAD AL-RASHIDI CONTRACTING EST. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१७ L.T.No.: 240331

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी DAYAA OVEN PASTRY PIE MAKER BRANCH OF SAIIDA INTERNATIONAL TRADING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०२/१३ चलानी नं.: ६०१५८४६० L.T.No.: 239896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी AL-MABDA CONTTRACTING EST. शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१२ L.T.No.: 240380

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Architect Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी YANABIE ALENAZ GENERAL CONTRACTING शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१५ L.T.No.: 240334

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Food Provider | 10 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी HAZM AL SHARQIAH CAR WASH शहर: AL HASA
पूर्व स्वीकृत मिति: २०७८/०१/२२ चलानी नं.: ६०१५८३१४ L.T.No.:240379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Washing And Lubricating Agent | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Compound Polishing Agent | 2 | 0 | | 1200 | ३७,०८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा अनलाईन मार्फत २०७८ जेठ २६ गते (9 June 2021) मा हुनेछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

[illegible]

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# बक्स अफिस समाचार

## संक्रमणमुक्त मदनकृष्ण भन्छन्

# ‘बलियो रहेछ कोरोना बजिया’

मध्यान्ह संवाददाता
काठमाडौं, १८ जेठ

हास्य कलाकार मदनकृष्ण श्रेष्ठ कोरोना संक्रमण मुक्त भएका छन् । दोस्रो पटक १४ दिन लामो अस्पतालमा उपचारपछि एक हप्ता अगाडि घर फर्किएका उनले सोमवार पीसिआर परीक्षण गराएका थिए । जसको रिपोर्ट नेगेटिभ आएको उनले मंगलबार फेसबुकमार्फत् जानकारी दिएका हुन् । सबैको आर्शिवाद र मायाको बलले कोरोना जित्न सफल भएको उनले बताएका छन् ।

मदनकृष्णले लेखेका छन्, ‘कोरोनाले मलाई पछार्न त नराम्रैसँग पछार्‍यो । पछार्‍यो मात्र हैन अझ लछार्‍यो र हस्पिटलमा लगेर बेस्कन बजार्‍यो, ओर्कायो, फर्कायो, थर्काउनु थर्कायो बेला बेलामा तर्सायो पनि । बलियो रहेछ बजिया । तर सबैको माया, शुभेक्षा, प्रार्थना, र आर्शिवादले गर्दा मलाई त्यसले जित्न भने सकेन ।’ उनले शरीरमा अलिअलि शिथिलता बाँकी नै रहेको बताएका छन् ।

पहिलो पटक ८ दिन अस्पतालमा उपचारपछि घर फर्किएका उनी त्यसको केही दिनमै अक्सिजनको लेभल कम भएपछि पुनः मेडिसिटी हस्पिटलमा भर्ना भएका थिए ।



चिकित्सकले अब आफ्नो शरीर एन्टिबडी बनिसकेको र कसैको शरीरमा पनि कोरोना नसर्ने बताएको उनले उल्लेख गरेका छन् । रिपोर्ट नेगेटिभ आए पनि शरीरमा अझै केही पोजेटिभ बाँकी रहेको उनी बताउँछन् ।

उनले ठट्यौली शैलीमा अगाडि लेखेका छन्, ‘कोरोनाले यो मदनकृष्ण श्रेष्ठ भन्ने मान्छेलाई पार्केसन छ, प्रोष्टेट, प्रेशर, मुटुको समस्या छ, कन्स्टीपेशनको पनि समस्या छ र यसलाई त मज्जाले चपाउन सकिन्छ भनेर मलाई झम्टिन आएको होला सायद । यहाँहरु जस्तो मलाई औधी माया गर्नुहुने लाखौं लाख शुभेक्षकहरु मेरै साथमा हुनुहुन्छ भन्ने कुरा त्यो मोरा कोरोनालाई के थाहा ।’

अहिले देशको सबैभन्दा ठूलो समस्या कोरोना रहेकाले सरकारले पहिलो प्राथमिकता दिएर जति सक्दो चाँडो कोरोना भाइरसको खोप लगाएर जनताको ज्यान बचाउन उनले सुझाएका छन् । जनता नै नरहे कसलाई शासन गर्ने भन्दै उनले यस विषयमा गम्भीर हुन सरकारलाई आग्रह गरेका छन् । गत बैशाखमा ७१ वर्ष प्रवेश गरेका मदनकृष्ण श्रेष्ठ अहिले पनि अभिनयमा सक्रिय छन् ।

# अदितीको नजरमा
# धिरज कस्ता नायक ?

काठमाडौं/मस- फिल्म ‘कृ’ मा काम गरेपछि झन्डै तीन वर्ष हराएकी अभिनेत्री अदिती बुढाथोकीले होम प्रोडक्सनको फिल्म ‘बाबरी’ बाट अभिनयमा पुनरागमन गरेकी छन् । निषेधाज्ञाभन्दा अगाडि फिल्मको पूर्वको लेटाङमा छायांकन भइरहेको थियो । अब फिल्मको नेपालमा एउटा मात्र गीत खिच्न बाँकी छ । बाँकी छायांकन भने भारतसँगको नाका खुलेपछि सिक्किममा गर्ने तयारीमा निर्माण टिम छ ।

सुरेन्द्र पौडेल निर्देशित फिल्ममा अदितीले अभिनेता धिरज मगरसँग रोमान्स गरेकी छन् । पहिला फिल्ममा गायक नितेशजंग कुँवर लिड रोलमा अनुबन्ध भएका थिए । तर, छायांकनमा निस्कने समयमा उनले पारिवारिक कारण देखाउँदै फिल्म छाडेपछि धिरज भित्रिएका हुन् । नेपाली फिल्मकी पुरानी अभिनेत्री तृप्ती नाडकरका छोरा धिरज टोटलानीको पनि फिल्ममा मुख्य भूमिका छ ।



पहिलो पटक फिल्ममा अदिती र धिरजको जोडी बाँधिएको हो । यसकारण पनि यो फिल्मप्रति दर्शकको चासो बढी नै छ । डेब्यू फिल्म ‘इन्टु मिन्टु लण्डनमा’ बाटै धिरजले युवापुस्तामा लोभलाग्दो क्रेज बनाएका छन् भने अदितीको पनि फ्यान फलोइंग जबरजस्त छ । फिल्ममा काम गर्ने क्रममा एकअर्कासँग निकै घुलमिल भएका उनीहरु पुनः सुटिङ सेट ज्वाइन गर्न आतुर देखिएका छन् ।



यसै क्रममा आइतवार अदितीलाई एक प्रशंसकले इन्स्टाग्राममा धिरज व्यक्तिगत, को-एक्टर र कलाकारको रुपमा कस्तो लाग्छ भनेर सोधेको प्रश्नमा उनले धिरजको खुलेरै प्रशंसा गरिन् । जवाफमा उनी लेख्छिन्, ‘धिरज प्रतिभाशाली र उदार अभिनेता हुन् । ऊ प्यारो र विनम्र छ । ऊसँग काम गर्न मज्जा आयो ।’ ‘बाबरी’ लाई अदितीकी आमा पुष्पा बुढाथोकीले निर्माण गरेकी हुन् ।



## ‘५ जी’ प्रविधिविरुद्ध जूही चावला अदालतमा

मोबाइल टावरबाट निस्कने हानिकारक रेडियशनको विरुद्धमा यसअघि पनि आवाज उठाउँदै आएकी थिइन् ।

सन् २००८ मा उनले महाराष्ट्रका तत्कालिनमुख्यमन्त्रीदेवेन्द्र फडणवीसलाई पत्र लेख्दै, मोबाइल टावर र वाई फाई हटस्पटबाट निस्कने रेडियसनले मानव जाती, पशु पन्छी र रुख बिरुवालाई हानी गरिरहेको बिषयमा सचेत गराएकी थिइन् ।

काठमाडौं/एजेन्सी- बलिउड नायिका जूही चावलाले भारतमा ‘५ जी’ प्रविधि जडानको विरुद्धमा दिल्लीको उच्च न्यायलयमा उजुरी दिएकी छिन् । उनले दिएको उजुरीको पहिलो सुनुवाइ सोमबार भएको छ । अर्को सुनुवाइ जुन २ तारिखमा हुने भारतीय मिडियाले उल्लेख गरेका छन् ।

जूहीले ‘५ जी’ प्रविधि जडान अगाडि यसले पार्ने नकारात्मक प्रभावको बिषयमा अध्ययन हुनेपर्ने मा गरेकी छिन् । उनले अदालतसमक्ष उजुरी दिदै भनेकी छिन्, ‘यो प्रविधि जडान गर्नु अगाडि यसको बारेमा गहिरो अध्ययन हुन जरुरी छ । ५ जी रेडिएशनले मानव जाती, जनावर र रुख विरुवामा गहिरो प्रभाव पार्दछ । यसैले, यो प्रविधि जडान हुनु पहिले यसले असर पार्दछ कि पार्दैन भन्ने स्पष्ट पार्न आवश्यक छ ।’

उनले आफू आधुनिक प्रविधिको विरुद्धमा नरहेको पनि स्पष्ट पारेकी छिन् । तर, रेडियशनले मानिस, जनावर, पन्छी र रुख विरुवालाई असर गर्ने उनको भनाइ छ । जुहीले,



## ‘सोनु सुदलाई प्रधानमन्त्रीको रुपमा हेर्न चाहन्छु’

भारत मात्र नभई विश्वमै सोनुलाई हेर्ने नजर बदलिएको छ ।

उनै, सोनुलाई केही दिन अगाडि आइटम गर्ल राखी सावन्तले भारतको प्रधानमन्त्रीको रुपमा हेर्न चाहेको बताएकी थिइन् । सामाजिक संजालमा सोनुलाई प्रधानमन्त्रीको रुपमा हेर्न चाहना राख्दै हजारौं ट्विट आउने गरेका छन् ।

काठमाडौं/एजेन्सी- पहिलो चरणको कोरोना महामारीको समयमा भारतमा लगाइएको लकडाउका कारण लाखौं प्रवासी मजदुरहरु अलपत्रमा परे । उनीहरुलाई आफ्नो घरसम्म पुर्याउनका लागि बलिउड कलाकार सोनु सुदले निकै सहयोग गरे । यसपछि भने सोनुले आफ्नो सामाजिक सेवालाई निरन्तर अगाडि बढाइरहेका छन् ।

दोश्रो चरणको कोरोना महामारीका कारण भारतका विभिन्न राज्यमा लगाइएको लकडाउनमा समस्यामा परेकाहरुका लागि पनि सोनुले काम गरिरहेका छन् । यसैले,

यसैबीच, बलिउड नायिका हुमा कुरेसीले पनि सोनुलाई आफूले प्रधानमन्त्रीको रुपमा हेर्न चाहेको उल्लेख गरेकी छिन् । उनले एक न्यूज वेवसाइटसँग कुरा गर्दै यो चाहना व्यक्त गरेकी हुन् ।

बलिउडको एक राम्रो राजनेता को हुनसक्छ भन्ने प्रश्नमा हुमाले भनेकी छिन्–‘इमान्दारिताका साथ भन्नुपर्दा सोनु सुदलाई चुनावमा लड्न आवश्यक छ । म उनलाई भोट दिनेछु । म सोनुलाई भारतको प्रधानमन्त्रीको रुपमा हेर्न चाहन्छु ।’


नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७८/०२/१९

उपरोक्त विषयमा यस आयोजनाको तर्फबाट मिति २०७७/११/०४ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्यांकन हुँदा, तपसीलका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ.कर सहित) |
|---|---|---|---|
| 07/077-78/CWSP/FWSSMP_BRT | Beldangi Water Supply Project, Damak 2,3,4 (Jhapa) | Mrit Sanjiwoni - Bhimeshwor JV Suryabinayak Municipality-4, Amarnagar-13, Butwal | 23,14,74,422.60 |

आयोजना प्रमुख



**कतारमा रोजगार** | कम्पनी : AL ADSANI PARTNERS TRADING & CONTRACTING CO. WLL शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५५४ L.T. No.: 238168 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,००२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा जेठ २६ गते (9 June 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

Wahaa Manpowers Supplier Pvt. Ltd.
Govt Lic No. 469/060/061, Kalopul- 07, Kathmandu, Nepal., Tel: 4483566, 4481670



**साउदीमा रोजगार** | १. कम्पनी : BR.OF AL-AFDAL FRIEND EST. शहर: AL BHAR

पूर्व स्वीकृत मिति: २०७८/०२/१८ चलानी नं.: ६०१५८४५४ LT. No.: 240756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 6 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : BR.OF AL-AFDAL FRIEND EST. शहर: AL BHAR

पूर्व स्वीकृत मिति: २०७८/०२/१८ चलानी नं.: ६०१५८४५६ LT. No.: 240758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : BR.OF AL-AFDAL FRIEND EST. शहर: AL BHAR

पूर्व स्वीकृत मिति: २०७८/०२/१८ चलानी नं.: ६०१५८४५५ LT. No.: 240757

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 6 | 0 | स. काममा दक्ष | 1000 | ३०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा जेठ २६ गते (9 June 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

Indo Arab Manpower Pvt. Ltd. (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com

# कोपा अमेरिका ब्राजिलमा हुने



**काठमाडौं, एजेन्सी–**यस वर्षको कोपा अमेरिका फुटबल प्रतियोगिता ब्राजिलले आयोजना गर्ने भएको छ । प्रतियोगिता शुरु हुनुभन्दा दुई हप्ता अगाडि मात्रै ब्राजिललाई नयाँ आयोजक छानिएको हो ।

यसअघि प्रतियोगिता अर्जेन्टिना र कोलम्बियामा गर्ने भनिएको थियो । तर कोलम्बियामा जारी राजनीतिक संकट एवं अर्जेन्टिनामा कोरोना भाईरसको संक्रमण दर उच्च रहेकोले प्रतियोगिता ब्राजिलमा हुने भएको हो ।

दक्षिण अमेरिकी फुटबल महासंघ कन्मेबोलले सोमबार अर्जेन्टिनालाई आयोजकबाट हटाउँदै ब्राजिललाई आयोजनाको जिम्मा सुम्पिएको हो । कोपा अमेरिका फुटबल प्रतियोगिता दक्षिण अमेरिकी महादेशको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता हो ।

प्रतियोगिताको यो संस्करण यही जुन १३ तारिखबाट शुरु हुँदैछ । यस पटक दक्षिण अमेरिकी महादेशका १० टोलीलाई दुई समुहमा विभाजन गरेर 'लिग कम नक आउट'को आधारमा प्रतियोगिता संचलन गरिदैछ ।

प्रतियेगीगको एउटा समुहमा ब्राजिल, कोलम्बिया, इक्वेडर, पेरु र भेनेजुएला छन् भने अर्को समुहमा अर्जेन्टिना, बोलिभिया, चिली, पाराग्वे र उरुग्वे रहेका छन् ।

# बेलको कप्तानीमा वेल्सको टिम घोषणा

**काठमाडौं, एजेन्सी–** इंग्लिस क्लब टोटेनहम हटस्परका फरवार्ड ग्यारेथ बेलको कप्तानीमा आसन्न युरोकपको लागि वेल्सको टोली घोषणा भएको छ ।

वेल्सका अन्तरिम प्रशिक्षक रोबर्ट जोन पेजले बेलको कप्तानीमा २६ सदस्यीय टोलीको घोषणा गर्दा १९ वर्षीय युवा मिडफिल्डर रुविन कलविलले पहिलोपटक टोलीमा स्थान बनाएका छन् । गत फेब्रुअरीमा मात्र कार्डिफ सिटीका लागि डेब्यु गरेका आक्रमक युवा मिडफिल्डर रुविनलाई प्रशिक्षक पेजले आश्चर्यजनक रुपमा टोलीमा समावेश गरेको छ ।

कलविलले टोलीमा स्थान बनाउँदा टोम लरेन्स, रब्बी मटन्डो र ब्रेनन जोनसनले टोलीमा स्थान बनाउन सकेनन् । 'कलविल प्रतिभावान र नयाँ छन्। उसले मलाई वास्तवमै प्रभावित बनायो । उनी टोलीमा समावेश भएका छन् ।उसले के पायो जुन हामीले केही पाएनौं ।' प्रशिक्षक रोबर्टले कलविलको बारेमा भने, 'उसले दाया विंगबाट खेल्न सक्छ । फरवार्डको रुपमा खेल्न सक्छ । मिडफिल्डमा खेल्न सक्छ । यो हाम्रो लागि बोनस हो ।'

सन् २०१६ को युरो कपमा सेमिफाइनलमा पुगेको वेल्स टिममा आरोन राम्से, जोय एलान, वायन हेनेसे, बेन डाभिस, जोनी विलियम्स, डेनी वार्ड, क्रिस गुन्टेर जस्ता अनुभवी खेलाडी रहेका छन । सबै खेलाडीले वेल्सका लागि एक सय क्याप जितेका छन ।

नियमित कप्तान रायन गिग्सको अनुपस्थितिमा वेल्सको कप्तानी ग्यारेथ बेलले नै सम्हाल्ने सम्भावना छ । वेल्सले युरोकपमा जुन १२ मा स्विट्जरल्याण्डसँग बाकुमा खेल्नेछ। त्यसपछि टर्की र इट्लीसँग प्रतिस्पर्धा गर्नेछ ।






नेपाली फुटबल टिम कुवेतमा रहेको छ । फिफा विश्वकप अन्तर्गतको छनोट खेलका लागि नेपाली टिम कुवेत पुगेको हो । नेपालले अब तीन वटा खेल खेल्न बाँकी छ । पहिलो खेलमा चाइनिज ताइपेईसँग विहीबार प्रतिस्पर्धा गर्ने छ । विश्वकप छनोटको तयारीका क्रममा नेपाली टिमले अभ्यास गरेको छ । **फोटो सौजन्य : एनएसजेएफ**

# महिला क्रिकेटको वरियतामा नेपाल यथावत



**काठमाडौं, मस–**अन्तराष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को महिला टी-ट्वान्टी ब्याटिङ वरीयतामा नेपालकी उपकप्तान सिता राना मगर यथावत रहन सफल भएकी छिन् । आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा सिताको ब्याटिङ वरीयता यथावत रहेको हो ।

आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा सिता ९० औं स्थानमा रहेकी छिन् । सिता अघिल्लो वरीयतामा ९० औं स्थानमै रहेकी थिइन् । सिता वरीयतामा पर्ने एक्लो नेपाली महिला खेलाडी हुन् । ब्याटिङतर्फ भारतकी शफाली वर्मा शीर्ष स्थानमा रहेकी छिन् । अष्ट्रेलियाकी बेथ मोनी दोस्रो, अष्ट्रेलियाकै मेग लानीङ तेस्रो, भारतकी स्मृति मन्धाना चौंथो र अष्ट्रेलियाकी एलिसा हेली पाँचौ स्थानमा रहेकी छिन् । नेपाल आईसीसी महिला टी-ट्वान्टी राष्ट्रको वरीयतामा समेत यथावत रहेको छ । आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल यथावत रहदै १४ औं स्थानमा रहेको हो ।

नेपाल अघिल्लो वरीयतामा समेत १४ औं स्थानमै रहेको थियो । नेपाली महिला क्रिकेट टिमले घरेलु भूमिमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) पछि कुनै अन्तराष्ट्रिय प्रतियोगिता खेलेको छैन । जसको कारण नेपालको वरीयतामा घटबढ भएको छैन । नेपाल एकदिवसीय वरीयतामा भने अटाउन सकेको छैन ।

# सर्जियो अगुएरो बार्सिलोनामा अनुबन्ध

**काठमाडौं, एजेन्सी–** अर्जेन्टिनी स्टार सर्जियो अगुएरो स्पेनिस क्लब बार्सिलोनामा आबद्ध भएका छन् । म्यानचेष्टर सिटीसँगको सम्झौता सकिएपछि फ्रि ट्रान्सफरमा अगुएरो बार्सिलोनामा आबद्ध भएका थिए ।

सन् २०२१-२२ का लागि बार्सिलोनाले सम्झौता गरेको अगुएरो पहिलो खेलाडी हुन् । बार्सिलोनासँग औपचारिक रुपमा सम्झौता गरेसँगै अगुएरोले टोलीका सुपर स्टार लिओनल मेस्सीसँगै खेल्न पाउने आशा राखेका छन् 'आशा छ हामीसँगै खेल्ने छौं । केहि समययता हामी कुराकानी गरिरहेका थियौं । तर अब क्लब र उनीले यो विषयमा निर्णय लिनुपर्नेछ । उनीसँग खेल्न पाउँदा मलाई गर्व लाग्नेछ । हामीसँगै खेलेका छौं र म उनलाई राम्ररी जान्दछु,' सार्वजनिक गरिएको कार्यक्रममा अगुएरोले भने, 'मलाई लाग्छ उनी यहि बस्नेछन् । हाम्रो हरेक दिन कुरा हुन्छ । तर सबै यहाँ बताउन सक्दिन । उनले मलाई बधाई दिएका छन् ।'

अगुएरोले मेस्सीलाई सानै उमेरदेखि चिनेको पनि स्मरण गरे । उनले भने, 'हामी सधै सँगै अभ्यास गर्थौ । राष्ट्रिय टोलीमा भने केहिले काहि अवसर मिल्ने हो । यहाँ हुँदा हरेक दिन सँगै भइन्छ ।' बार्सिलोनामा मेस्सीको सम्झौता यसै महिनाको अन्त्यमा सकिँदैछ । यदि मेस्सीले क्लब छाडेको खण्डमा पनि उनीसँगको क्षणहरु सधैसँगै रहने पनि अगुएरोले बताए ।

'म एकदम खुसी छु । बार्सिलोनालाई उपाधि दिलाउनका लागि म आफ्नो तर्फबाट शतप्रतिशत दिनेछु । एकदम सुखद अनभुव भइरहेको छ । यो विश्वको उत्कृष्ट क्लब हो,' अगुएरोले जोडे, 'सानै उमेरमा सोचेको थिए, एक दिन उनीहरुले मेरो खेल हेर्नेछन् । अहिले म यहाँ छु । तर मैले सोचेको थिएन । यदि कसैले पनि यो अवसर पाउँछ भने दौडेर आउनेछ ।'

बार्सिलोनाले बोलाएपछि त्यसमा आफूमा कुनै दुविद्धा नरहेको पनि प्रष्ट पारेका छन् । उनले भने, 'म अर्को कुनै टोली चाहदैन थिए । मात्र बार्सिलोना चाहन्थे ।' यसैबीच सेन्टर फरवार्ड अगुएरोले टोलीले प्रशिक्षकका बारेमा भने टिप्पणी गर्न चाहेनन् । 'यो मेरो विषय होइन । क्लबले नै त्यसको बारेमा निर्णय लिनेछ । यसमा धारणा राख्ने अधिकार मसँग छैन,' उनले भने, 'रोनाल्ड कोम्यानसँग पनि मेरो कुरा भएको छैन ।'

सिटीमा गएको सिजन २० खेल मात्र खेलेका विषयमा पनि त्यहाँ चर्चा भएको थियो । 'पछिल्लो सिजन बाहेक । मैले त्यहाँ नौं उत्कृष्ट सिजन बिताए । टोलीलाई महत्वपूर्ण उपाधि दिलाउन मद्दत गरे,' उनले अगाडि भने, 'यो वर्ष घुँडाको चोट, त्यसपछि कोभिड भयो । तर पछिल्लो ४ महिना शारीरिक रुपमा ठिक छु । मेरो घुँडा पनि ठिक छ ।'

प्रिमियर लिग विजेता सिटीको सिजनको अन्त्य भने सुखद भएन । सिटी च्याम्पियन्स लिग फाइनलमा प्रिमियर लिगको अर्को टोली चेल्सीसँग १-० ले पराजित भएको थियो ।



# कोरोनाले ७० प्रतिशत उद्योग, व्यवसाय प्रभावित




**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ

नेपाल उद्योग वाणिज्य महासंघले महासंघको सिंगो सञ्जाल नै कोभिड-१९ महामारीका विरूद्धमा लड्दै आमसर्वसाधारणको स्वास्थ्य सुरक्षा र सहयोगमा जुटिरहेको जनाएको छ। कोभिडको दोस्रो लहरको महामारीका कारण गएको वैशाख १६ गतेदेखि काठमाडौं उपत्यका र त्यसअघि केही जिल्लाहरूबाट सुरू भएको निशेधाज्ञा अहिले एक-दुईवटा जिल्लाबाहेक सबैमा जारी छ।

महासंघले आफ्ना सातै प्रदेशका सदस्य उद्योग वाणिज्य संघका पदाधिकारीहरूसँग जारी निषेधाज्ञाले उद्योग, व्यवसायमा पारेको असरका विषयमा टेलिफोन संवाद हुँदा मुलुकभर करिब ६८ देखि ७० प्रतिशत उद्योग, व्यवसाय कोभिडका कारण प्रत्यक्ष प्रभावित भएको पाइएको जनाएको छ। प्रदेशगत रूपमा हेर्दा प्रदेश नम्बर-१ मा (८२.७००), गण्डकी प्रदेशमा (७५००), वाग्मती प्रदेशमा (६९००), प्रदेश नम्बर-२ मा (६९००), लुम्बिनी प्रदेशमा (६४.५००), सुदूरपश्चिममा (५७.७००) र कर्णाली प्रदेशमा (४५.५००) उद्योग, व्यवसायमा असर पर्न गएको महासंघले जनाएको छ।

खाद्यान्न, स्वास्थ्यसँग सम्बन्धित, स्वास्थ्य तथा अत्यावश्यक वस्तु तथा सेवामा आधारित उद्योग, व्यवसाय, पिउने पानी, कृषिबाहेक सबै क्षेत्रका उद्योग, व्यवसाय ठप्प रहेको महासंघले जनाएको छ।

पसलहरू बिहान तीन-चार घण्टा मात्र खुल्ने गरेका छन्। उद्योग, व्यवसाय चलाउने लाखौँ मानिस घरभित्र थुनिएर बसेका छन्। यो बेलामा उद्योग, व्यवसायभन्दा पनि सामाजिक भावनाअनुरूप आम नेपालीको स्वास्थ्य बचाउनु ठूलो कुरा भएकाले सिंगो निजी क्षेत्रले सम्पूर्ण रूपमा सरकारलाई साथ दिइरहेको महासंघले जनाएको छ।

'कोभिड महामारीको चपेटामा उद्योगी, व्यवसायीहरू पनि परेका छन्। कतिपय उद्योगी, व्यवसायीको कोभिडकै कारण ज्यानसमेत गइसकेको छ। संक्रमित हुनेको संख्या पनि निकै ठूलो हुनसक्छ। आफ्नो ज्यानको समेत परवाह नगरी अहिले उद्योग, व्यवसाय क्षेत्र अग्रभागमा रहेर सकेको सहयोग गर्न जुटिरहेको छ,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

# राष्ट्रिय वाणिज्य बैंकले जेठ २५ गतेदेखि ऋणपत्र बिक्री खुला गर्ने




**काठमाडौं/मस-** राष्ट्रिय वाणिज्य बैंकले जेठ २५ गते मंगलबारदेखि ८.५ प्रतिशत आरबीबीएल डिबेन्चर, २०८३ नामको ऋणपत्र बिक्री खुला गर्ने भएको छ। बैंकले ६ वर्ष अवधि भएको वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको कुल २ अर्ब ५० करोड रुपैंया (२५ लाख कित्ता) मूल्य बराबरको ऋणपत्र बिक्री गर्न लागेको हो। यस ऋणपत्रको ब्याज अर्धवार्षिक रुपमा भुक्तानी गरिनेछ।

८.५ प्रतिशत आरबीबीएल डिबेन्चर, २०८३ नामको प्रतिकित्ता १ हजार दरका कुल २५ लाख कित्ता ऋणपत्रमध्ये ६० प्रतिशत अर्थात १५ लाख कित्ता व्यक्तिगत तवरबाट संगठित संस्थाहरुलाई बिक्री गरिने र सो का लागि ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धक 'एनआईबिएल एस क्यापिटल लिमिटेड' र निष्काशनकर्ता कम्पनी 'राष्ट्रिय वाणिज्य बैंक लिमिटेड'को आपसी सहमतिमा बिक्री वितरण गरिने छ। साथै, सर्वसाधारणका लागि छुट्याईएको ४० प्रतिशत अर्थात १० लाख कित्ता सर्वसाधारण नेपालीकालागि सार्वजनिक निष्काशनबाट ऋणपत्र बिक्री गरिनेछ। छिटोमा जेठ २८ गते र ढिलोमा असार ८ गतेसम्म बिक्रीमा रहने यस ऋणपत्र खरिदका लागि न्युनतम २५ कित्तादेखि अधिकतम २ लाख ५० हजार कित्तासम्म आवेदन दिन सकिनेछ।

ऋणपत्र खरिदका लागि राष्ट्रिय वाणिज्य बैंकका शाखा कार्यालयहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरु मार्फत आवेदन दिन सकिनेछ। साथै मेरो सेयरमार्फत पनि आवेदन दिन सकिने व्यवस्था रहेको छ। बैंकको यस ऋणपत्रलाई केयर रेटिङ्ग नेपाल लिमिटेडले समयमै वित्तीय दायित्व पूरा गर्ने सन्दर्भमा प्रर्याप्त मात्रामा सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा रहेको संकेत गर्ने केयर एनपी ए प्लस(आईएस) रेटिङ्ग प्रदान गरेको छ।

# एनएलजी इन्स्योरेन्सका सेयरधनीले १०.५२ प्रतिशत लाभांश पाउने

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
NLG INSURANCE COMPANY LIMITED

**काठमाडौं/मस-**एनएलजी इन्स्योरेन्सले सेयरधनीलाई १०.५२६३ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। जेठ १७ गते बसेको कम्पनी सञ्चालक समितिको बैठकले सेयरधनीलाई बोनस र नगद गरी सो मात्राको लाभांश प्रस्ताव गरेको हो।

इन्स्योरेन्सले आर्थिक वर्ष २०७६/७७ को नाफाबाट चुक्ता पुँजीको १० प्रतिशत अर्थात एक अर्ब ९ करोड ६३ लाख ७५ हजार ५ सय रुपैयाँ बराबरको बोनस सेयर जारी गर्ने प्रस्ताव गरेको हो। त्यस्तै, उक्त प्रस्तावित सेयरमा लाग्ने करको लागि ०.५२६३ प्रतिशतका दरले ५७ लाख ७० हजार ३९७ रुपैयाँ नगद लाभांश दिने इन्स्योरेन्सको प्रस्ताव रहेको छ। उक्त प्रस्तावित लाभांशलाई बीमा समितिले स्वीकृत तथा इन्स्योरेन्सको आगामी वार्षिक साधारणसभाले पारित गर्नुपर्ने छ। सभाले पारित गरेपछि मात्रै सेयरधनीले सो मात्राको लाभांश पाउने छन्। हाल इन्स्योरेन्सको चुक्ता पुंजी एक अर्ब ९ करोड रुपैयाँ रहेको छ। १० प्रतिशत बोनस पछि कम्पनीको चुक्ता पुंजी एक अर्ब १९ करोड रुपैयाँ पुग्ने छ।

# चार देशमा नियमित उडान खुला



**काठमाडौं/मस-**सरकारले चार देशमा उडान खुला गरेको छ। मन्त्रिपरिषद्को निर्णय अनुसार मंगलबारदेखि चीन, कतार र टर्कीमा सातामा एक वटा उडान खुला भएको हो। यस्तै यसअघि नै सरकारले अन्य गन्तव्यमा उडान स्थगित गरेपनि भारतको नयाँदिल्लीमा सातामा दुई उडान नियमित रुपमा हुँदै आएको छ। भारतमा बुधबार नेपाल एयरलाइन्स र शुक्रबार एयर इन्डियाले दुई उडान गर्दै आएका छन्। तीन गन्तव्यमा उडान खुला सगैँ नेपाल नागरिक उड्डयन प्राधिकरणले टर्कीस एयरलाइन्सलाई बिहीबार उडानको अनुमति दिइसकेको छ। क्यानका प्रवक्ता राजकुमार क्षेत्रीका अनुसार चीनको र नेपालको हिमालय एयरलायन्सले चीनमा नियमित उडान गर्न पाउनेछन्। त्यस्तै कतारको दोहामा कतार एयरलाइन्स र नेपाल एयरलाइन्सले हप्ताको एउटा उडान गर्नेछन्। 'टर्कीमा नेपाली हवाइ कम्पनीको नियमित उडान छैन, त्यसैले टर्किस एयरलाइन्सको एउटा मात्रै उडान हुन्छ', उनले भने, 'चीन र कतारमा सम्बन्धित देशको जहाज र नेपाली कम्पनीले उडान भर्न पाउँछन्।' अब चीन, कतार र भारतमा हप्ताको दुई उडान हुनेछन् भने टर्कीमा एक उडान हुनेछ। तर नेपाल भारत उडानमा भने दुई देशका नागरिक मात्रै आउजाउ गर्न पाउनेछन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विदेशबाट आउने नेपाली तथा विदेशीले नेपालमा आउँदा १० दिन क्वारेन्टिन बस्नुपर्ने व्यवस्था गरेको छ। मलेसियासहित खाडी मुलुक बस्ने नेपालीले भने ५ दिन होटल क्वारेन्टिन र १० दिन होम क्वारेन्टिन बस्नुपर्ने व्यवस्था गरेको छ। गत बैशाख २३ गतेदेखि स्थगित भएको अन्तराष्ट्रिय उडान आगामी जेठ १८ गतेसम्मका लागि स्थगित गरिएको छ।

# एनआईसी एशिया बैंकको खाता कनेक्ट आइपिएसमा अनलाइन भेरीफाई गर्न सकिने

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**काठमाडौं/मस-**एनआईसी एशिया बैंकका ग्राहकहरुले अब आफ्नो बैंक खाता कनेक्ट आइपिएसमा लिंक गरी अनलाइनबाटै सेल्फ भेरिफाई गर्न सक्नेछन्। यो सेवाको सुरुवातसँग अब खाता भेरिफाई गर्नका निम्ति बैंकको शाखापुग्नु पर्ने छैन र अनलाइबाटै सम्पूर्ण प्रकृया पूरा गरी कारोबार गर्न सकिनेछ।

अनलाइन सेल्फ भेरिफाई गरिएका खाताहरुका लागि बैंकले प्रतिदिन २ लाख तथा प्रति महिना १० लाख सम्मको कारोबार सीमा प्रदान गरेको छ भने कनेक्ट आइपिएसमा रहेको पूर्ण कारोबार सीमाको लागि भने ग्राहकले बैंकमाफर्म बुझाएर एक पटक भेरिफाई गराउनु पर्ने हुन्छ।

अनलाइन सेल्फ भेरिफाई प्रकृयाको लागि भने ग्राहकले कनेक्टआइपिएसमा रजिष्टर गरेको मोबाईल नम्बर र बैंकमा रहेको मोबाईल नम्बर भने एउटै हुनुपर्छ। सेल्फ भेरिफाइ गरिएका खाताको कारोबार सीमा बैंकबाटै तोकिने हुँदा विभिन्न बैंक वित्तिय संस्थाले उपलब्ध गराएको सीमाफरक हुन सक्ने बैंकले जनाएको छ। कनेक्ट आइपिएसमा हाल ५४ बैंक तथा वित्तिय संस्था सदस्य रहेका छन्।

# सानिमा बैंकको मोबाइल बैंकिङ एपमा रेमिट्यान्स सेवा पनि




**काठमाडौं/मस-**सानिमा बैंकको मोबाइल बैंकिङ एप सानिमा सजिलो ई-बैंकिङबाट रेमिट्यान्स पनि गर्न पाइने भएको छ। जसअन्तर्गत सानिमा एक्सप्रेस (रेमिट्यान्स सेवा) मोबाइल बैंकिङ एपमा थप गरिएको बैंकले जनाएको छ। यो सेवा सञ्चालनमा आएसँगै बैंकका ग्राहकले आन्तरिक रेमिट्यान्स सोझै मोबाइल बैंकिङ एपबाट पठाउन सक्नेछन्। रेमिट्यान्स रकम पठाउँदा मोबाइल बैंकिङ एपमा रहेको 'सेन्ड रेमिट्यान्स'मार्फत सोझै नगद वा बैंकको खातामा जम्मा गर्न मिल्ने दुवै सुविधामध्ये एक रोज्न सकिनेछ। यसरी बैंक खातामा पठाइएको रकम तुरुन्तै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुनेछ। यसका साथै मोबाइल बैंकिङ एपमा रहेको 'रिसिभ रेमिट्यान्स' प्रयोग गरी देश तथा विदेशबाट पठाइएको रेमिट्यान्स रकम सोझै आफ्नो बैंक खातामा संकलन वा प्राप्त गर्न सकिने जनाइएको छ।

# हिमालय एयरलायन्सले चीनबाट दुई लाख मात्रा खोप निःशुल्क ढुवानी गर्ने




**काठमाडौं/मस-**हिमालय एयरलाइन्सले चीनबाट दुई लाख डोज खोप निःशुल्क ढुवानी गरेर काठमाडौं ल्याएको छ। कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत चीनको स्वशासित क्षेत्र तिब्बत सरकारले नेपाललाई अनुदान सहयोगस्वरुप प्राप्त दुई लाख डोज भेरोसेल खोप निःशुल्क ढुवानी गरेको जनाएको छ।

हिमालय एयरलाइन्सले जेठ १८ र १९ गते गरी तिब्बतको कुनमिङ सहरमा चारपटक उडान गरी ती खोपहरु ढुवानी गर्नेछ। हिमालयका ती उडानहरुले भेरोसेल खोपका दुई लाख डोजका जम्मा ४१७ वटा बाकसहरु निःशुल्क ढुवानी गर्नेछन्। प्रत्येकपटकको उडानमा हिमालयको एयरबस जहाजले अधिकतम १०५ वटा खोपका बाकसहरु बोक्ने जनाइएको छ।

निःशुल्क उडानहरुमध्येका पहिलो कार्गो उडान काठमाडौंबाट सोमबार गएर मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ। ती निःशुल्क कार्गो उडान सञ्चालन गर्दा हिमालयले करिब दुई करोड २५ लाख बराबरको आर्थिक योगदान पुऱ्याउने कम्पनीले जनाएको छ।

'कोभिड-१९ महामारीविरुद्ध लड्न नेपाल सरकार र राष्ट्रलाई सहयोग पुऱ्याउन हिमालय एयरलाइन्स तथा सम्बद्ध समूहका लागि यो एक ऐतिहासिक क्षण हो। राष्ट्रिय संकटको महत्वपूर्ण समयमा यी निःशुल्क कार्गो उडानहरु सञ्चालन गर्नु हाम्रा लागि वास्तवमै गौरवको विषय पनि हो,' हिमालय एयरलाइन्सका अध्यक्ष झो एन्योङले भने। यस्तै, कम्पनीका उपाध्यक्ष विजय श्रेष्ठले कोभिड-१९ संक्रमणको दोस्रो महामारीका समयमा हिमालयले राष्ट्र सेवामा पुऱ्याएको यो सानो तर, महत्वपूर्ण योगदान भएको बताए।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**